
# मधेश प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्ध-वार्षिक प्रतिवेदन
(आ.व.२०८२/८३)




## मधेश प्रदेश

# नेपाल राष्ट्र बैंक
## जनकपुर कार्यालय
(२०८३ जेठ)

# प्राक्कथन

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) को दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मूल्य स्थिरता, मुद्राप्रदाय, निक्षेप, कर्जा, सरकारी वित्त, वैदेशिक व्यापार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा तथ्याङ्क संकलन तथा विश्लेषण गरी सोको नियमित रुपले प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम यस कार्यालयले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरूको संकलन, अध्ययन एवम् विश्लेषण गरी सोसम्बन्धी प्रतिवेदनहरू नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकको प्रादेशिक कार्यालय स्थापना गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरूको संख्या ७७ पुऱ्याइएको छ । मधेश प्रदेशको यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)"** मा आधारित भई तयार पारिएको छ । उक्त मार्गदर्शन अनुसार मधेश प्रदेशका ८ वटा जिल्लाहरूमध्ये जनकपुर कार्यालय अन्तर्गतका ५ वटा जिल्ला (सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही) तथा वीरगञ्ज कार्यालय अन्तर्गतका ३ वटा जिल्ला (रौतहट, बारा र पर्सा) सहितको आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्ध-वार्षिक अवधिमा भएका आर्थिक गतिविधिहरूको तथ्याङ्क संकलन गरी सोको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्लाहरूको कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूसँग सम्बन्धित तथ्याङ्क र सोको विश्लेषण यो प्रतिवेदनमा समेटिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान चुनौती र सम्भावनाहरूलाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ । मधेश प्रदेशका जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्तिसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत चुनौती तथा चालु आर्थिक वर्षको परिदृश्य चित्रण गरिएको छ ।

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले मधेश प्रदेशको (८ वटा जिल्लासहितको) प्रादेशिक आर्थिक अवस्था, विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा वार्षिक एवम् अर्ध-वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०८२/८३ को अर्ध-वार्षिक प्रतिवदेन सबैको जानकारीको लागि सार्वजनिक गरिएको छ । यसबाट मधेश प्रदेश लगायत अन्य सम्बद्ध निकायहरुलाई मधेश प्रदेशको प्रमुख आर्थिक परिसूचकहरुको बारेमा जानकारी प्राप्त गर्न र नीति निर्मातालाई उपयुक्त नीति बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नुहुने यस कार्यालयका उप-निर्देशक श्री स्नेहा अग्रवाल, सहायक निर्देशक श्री रुबी साह, श्री विरेन्द्र डि.सी. र सहायक श्री शिवराम यादवलाई धन्यवाद ज्ञापन गर्दछु ।

**डिलाराम सुवेदी**
**निर्देशक**

# विषयसूची


**प्राक्कथन** i

**सारांश** vi

**परिच्छेद-१ परिचय**

१.१ पृष्ठभूमि ..... १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन ..... १

१.३ अध्ययन प्रतिवेदनको सीमा ..... २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा ..... २

**परिच्छेद-२ प्रदेशगत तुलनात्मक स्थिति**

२.१ राष्ट्रिय अर्थतन्त्रमा मधेस प्रदेशको क्षेत्रगत हिस्सा ..... ३

२.२ अन्तर प्रदेश तुलना ..... ३

२.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ..... ४

**परिच्छेद-३ कृषि क्षेत्र**

३.१ प्रमुख कृषि बालीले ओगटेको भू-क्षेत्र ..... ७

३.२ कृषि उत्पादन ..... ८

३.३ पशुपन्छी, माछा उत्पादन ..... १०

३.४ वनजन्य उत्पादन ..... ११

३.५ सिँचाई ..... ११

३.६ क्षेत्रगत कृषि कर्जा ..... ११

३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना ..... १२

**परिच्छेद-४ उद्योग क्षेत्र**

४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन ..... १४

४.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति ..... १४

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ..... १६

**परिच्छेद-५ सेवा क्षेत्र**

५.१ पर्यटन ..... १८

५.२.सार्वजनिक निर्माण तथा रियलस्टेट ..... १८

५.३ वित्तीय सेवा ..... १८

५.४ स्वास्थ्य ..... २०

५.५ यातायात ..... २१

५.६ सेवा क्षेत्र कर्जा ..... २१

५.७ सहकारी क्षेत्र ..... २१

५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना ..... २३

**परिच्छेद-६ पूर्वाधार र रोजगारी**

६.१ पूर्वाधार क्षेत्र ..... २५

६.२. रोजगारी ..... २६

६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ..... २८

**परिच्छेदः ७ प्रादेशिक कार्यक्रम तथा योजना**
७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति........ **३१**
७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति........ **३१**
**परिच्छेदः ८ आर्थिक परिदृष्य**
८.१ कृषि क्षेत्र........ **३२**
८.२ औद्योगिक क्षेत्र ........ **३३**
८.३ सेवा क्षेत्र ........ **३३**
८.४ पूर्वाधार क्षेत्र ........ **३४**

# तालिका सूची

**शीर्षक** **पेज नं.**


तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८२/८३) ३
तालिका ३.१: तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) ८
तालिका ३.२: मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) ९
तालिका ३.३: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) ९
तालिका ३.४: मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन १०
तालिका ३.५: मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा) १०
तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा ) ११
तालिका ४.१: जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा ) १५
तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट १८
तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरू १९
तालिका ५.३: मधेश प्रदेशमा स्वास्थ्यको स्थिति २०
तालिका ५.४: मधेश प्रदेशमा यातायातको स्थिति २१
तालिका ५.५: सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा ) २१
तालिका ५.६: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा ) २२
तालिका ५.७: मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको स्थिति २२
तालिका ६.१: श्रम स्वीकृति लिनेहरूको संख्या २७
तालिका ७.१: मधेश प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति (रु.करोडमा) ३२

# चार्ट सूची


| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट २.१: प्रादेशिक आर्थिक वृद्धिदर | ४ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) | ७ |
| चार्ट ३.२: सिञ्चित भूमिको क्षेत्रफल (हेक्टरमा) | ११ |
| चार्ट ४.१ नमूना छनौटमा परेका उद्योगहरुको क्षमता उपयोगिता | १४ |
| चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा) | १५ |
| चार्ट ५.१: निक्षेप तथा कर्जा स्थिति (रु.खर्बमा) | २० |
| चार्ट ५.२: पूँजी, बचत र ऋण लगानीको अवस्था (रु.अर्बमा) | २३ |

## सारांश

मधेश प्रदेशका ८ वटा जिल्लाहरूमा भएका आर्थिक गतिविधि अध्ययन अन्तर्गत स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क एवम् राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको तथ्याङ्कका आधारमा तयार गरिएको आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्ध–वार्षिक अध्ययन प्रतिवेदनको सारसंक्षेप निम्नानुसार रहेको छ ।

### समष्टिगत आर्थिक स्थिति

१. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादन रु.६६ खर्ब रहने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको छ । त्यस्तै, चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु.८ खर्ब ६३ अर्ब ३३ करोड तथा आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहने अनुमान छ ।

२. आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ ।

३. आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको (३४.९७ प्रतिशत) तथा सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको (०.१४ प्रतिशत) रहने अनुमान छ ।

४. आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन यू.एस. डलरमा ९३४ हुने अनुमान रहेको छ ।

### कृषि क्षेत्र

५. समीक्षा अवधिमा मधेश प्रदेशमा तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफलमा ४५.२४ प्रतिशतले वृद्धि भएको छ भने खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफल १०.४९ प्रतिशत र फलफूल तथा मसला बालीले ओगटेको क्षेत्रफल ५.१५ प्रतिशतले घटेको छ ।

६. समीक्षा अवधिमा तरकारी तथा बागवानी उत्पादन ५.२३ प्रतिशत र फलफूल तथा मसलाको उत्पादन २३.८९ प्रतिशतले वृद्धि भएको छ भने खाद्य तथा अन्य बालीको उत्पादनमा १८.१३ प्रतिशतले कमी आएको छ ।

७. समीक्षा अवधिमा पशुजन्य उत्पादनतर्फ दूध, मासु र अण्डाको उत्पादन क्रमशः ११.०६ प्रतिशत, ३३.९८ प्रतिशत र २३.४६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, माछाको उत्पादन ८.०३ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादन अन्तर्गत काठको उत्पादन १०.०९ प्रतिशत र दाउराको उत्पादन ३०.८० प्रतिशतले वृद्धि भएको छ ।

८. २०८२ पुस मसान्तमा मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा रु.६० अर्ब ९७ करोड कर्जा प्रवाह भएको छ, जुन मधेश प्रदेशमा प्रवाहित कुल कर्जाको १२.१९ प्रतिशत हुन आउँदछ ।

### उद्योग क्षेत्र

९. समीक्षा अवधिमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा २९.७६ प्रतिशत रहेको छ ।

१०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा २.६७ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २८ अर्ब ४७ करोड कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१ खर्ब २५ अर्ब १३ करोड रहेको थियो ।

### सेवा क्षेत्र

११. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ४८ हजार ९ सय १० रहेको छ भने घर जग्गा रजिस्ट्रेशन राजस्व रु.२ अर्ब २ करोड संकलन भएको छ ।

१२. २०८२ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले मधेश प्रदेशबाट परिचालन गरेको निक्षेप २०.९० प्रतिशतले वृद्धि भई रु.४ खर्ब २७ अर्ब २७ करोड पुगेको छ । कर्जा प्रवाह भने २.३९ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ७ करोड कायम भएको छ ।

१३. समीक्षा अवधिमा मधेश प्रदेशमा कुल सरकारी/सामुदायिक अस्पतालहरुको संख्या २५ प्रतिशत, चिकित्सकको संख्या १६.६७ प्रतिशत र शैया संख्या ६.८५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी समीक्षा अवधिमा निजी अस्पतालको संख्या ४.७६ प्रतिशत, चिकित्सकको संख्या १५.०२ प्रतिशत र शैयाको संख्या ६.१७ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार र रोजगारी

१४. मधेश प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्व-पश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् । उक्त आयोजनाहरुमध्ये हुलाकी सडक मार्गको निर्माणको गति तुलनात्मक रुपमा तीव्र रहेको छ ।

१५. आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ८७ हजार ५ सय २० रहेको छ । यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २२.३२ प्रतिशत हो ।

# परिच्छेद-१ परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने व्यवस्था रहेको छ। सोहीबमोजिम नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले तयार गरेको प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुससम्मको अर्ध-वार्षिक विवरणमा आधारित रहेको छ।

मुलुक संघीय संरचनामा गएपश्चात् "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम प्रादेशिक कार्यालयहरूले प्रदेश भित्रका जिल्लाहरुको विभिन्न क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी प्रदेशगत रुपमा समेत आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन तयार गर्दै आएको छ। सोही अनुसार मधेश प्रदेशको जनकपुर कार्यालयबाट सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरु तथा वीरगञ्ज कार्यालयबाट रौतहट, बारा र पर्सा गरी जम्मा ८ जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा मधेश प्रदेशको समग्र आर्थिक स्थितिको साथसाथै कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति समेत समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा मधेश प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरणसमेत प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यसका अतिरिक्त चालु आर्थिक वर्षको पहिलो ६ महिनाको स्थिति तथा बाँकी ६ महिना अवधिको अनुमानको आधारमा मधेश प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको आर्थिक परिदृष्य समेत समावेश गरिएको छ। उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुरको अवस्था, पूर्वाधार क्षेत्रमा जयनगर-जनकपुर-कुर्था रेलवे, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग र काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति स्थिति, पूर्व पश्चिम रेलमार्ग, राष्ट्रिय जनगणना, २०७८ अनुसार मधेश प्रदेशको जनसंख्याको विवरणका बारेमा समेत यस अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ तथा नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन,२०७९ सहित) अनुसार यस प्रदेशको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा कृषिसम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। त्यस्तै, मुख्य खाद्य बालीसम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तथा नेपाल राष्ट्र बैंकमा प्राप्त विवरण आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ। प्रदेशस्थित सरकारी निकायहरूबाट प्रदेशमा कृषि उपजले ओगटेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू स्थलगत रुपमा संकलन गरिएको छ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ३० उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङ्ग क्षेत्रअन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा जिल्लागत रुपमा प्रवाह भएको कर्जा, निक्षेप संकलन, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूले NRB Supervisry Information System (SIS) मार्फत नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभागमार्फत् लिइएको छ। साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्व रकम भूमि व्यवस्था तथा अभिलेख विभाग बबरमहल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई सम्प्रेषण भएको र सोसम्बन्धी तथ्याङ्क आर्थिक अनुसन्धान विभागमार्फत् लिइएको छ।

सेवा क्षेत्रअन्तर्गत पर्यटन गतिविधिसम्बन्धी विवरण नमूना छनौटमा परेका ५ होटलहरूको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घरजग्गा नक्शापासको तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट तथा पूर्वाधारसम्बन्धी

तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाहरुबाट समेत लिइएको छ । यातायाततर्फको सवारी संख्यासम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न मधेश प्रदेशका १० वटा नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरूबाट विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्रअन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजनासम्बन्धी विवरण लिँदा सम्बन्धित सरकारी कार्यालयहरूबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

१. नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आएपश्चात् तथ्याङ्क प्रदायक निकायहरूको समेत पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सडक पूर्वाधारको तथ्याङ्क सडक विभागले उपलब्ध गराएको विवरणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

२. यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूको प्रशासनिक तथा केन्द्रीय कार्यालय अन्य प्रदेशहरूमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरू अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन । प्रदेशमा स्थापित नयाँ उद्योगहरू तथा कतिपय भइरहेका उद्योगहरूले उपलब्ध गराउने तथ्याङ्क व्यवस्थित हुन नसकेकोले तथ्याङ्कको शुद्धतामा कमी हुने देखिएको छ । उद्योगहरुबाट समयमा तथ्याङ्क उपलब्ध हुन नसक्दा प्रतिवेदन तोकिएको समयमा सम्पन्न गर्न कठिनाई हुने गरेको छ । यथार्थपूर्ण विश्लेषणको लागि पर्याप्त, गुणस्तरीय तथा भरपर्दो तथ्याङ्कको उपलब्धतामा समेत समस्या हुने गरेको छ ।

३. भौतिक निर्माणतर्फ गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले सोसम्बन्धी तथ्याङ्क पूर्ण हुन सकेको छैन ।

४. सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने अध्यागमन तथा पर्यटन सूचना केन्द्र जस्ता आधिकारिक निकाय मधेश प्रदेशमा नभएकोले नमुना छनौटमा परेका सीमित होटलहरूबाट प्राप्त विवरणलाई पर्यटन गतिविधिको विश्लेषणका लागि आधार मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन,२०७९ सहित) अनुसार तयार गरिएको यस प्रतिवेदनलाई ८ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा प्रतिवेदनको परिचय, यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशगत तुलनात्मक स्थिति र हालको अवस्था बारे उल्लेख गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारी क्षेत्रको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद-२ प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने तथा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६६ खर्ब रहने प्रारम्भिक अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (Per Capita GDP) १,५१३ अमेरिकी डलर र प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,५३५ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा मधेस प्रदेशको क्षेत्रगत योगदान

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः १९.०० प्रतिशत, १०.८० प्रतिशत र १०.२० प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १३.०८ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३४.९७ प्रतिशत, १२.१८ प्रतिशत र ५२.८६ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८२/८३ मा मधेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन यू.एस. डलरमा ९३४ पुग्ने अनुमान रहेको छ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक स्थिति तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.७० प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२० प्रतिशत) रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.४० प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.५० प्रतिशत) रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३३.८० प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.०० प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४६.५० प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.८० प्रतिशत) रहेको छ।


**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८२/८३)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | १०४३.१२ | **८६३.३३** | २४२३.१२ | ५९२.६८ | ९३६.७२ | २७७.२५ | ४६३.८९ | **६६००.०९** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | **१३.०८** | ३६.७० | ९.०० | १४.२० | ४.२० | ७.०० | **१००.००** |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.४० | **१९.००** | १७.२० | ९.६० | १७.६० | ५.५० | ९.८० | **१००.००** |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १७.८० | **१०.८०** | ३३.८० | १३.३० | १४.९० | ३.०० | ६.३० | **१००.००** |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १३.१० | **१०.२०** | ४६.५० | ८.७० | १२.२० | ३.८० | ५.४० | **१००.००** |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३२.४७ | **३४.९७** | ११.२३ | २५.६६ | २९.७६ | ३१.५२ | ३३.४३ | **२४.००** |
| उद्योग क्षेत्र | १७.६७ | **१२.१८** | १२.२४ | १९.०० | १५.३२ | १०.०७ | १३.९१ | **१४.२०** |
| सेवा क्षेत्र | ४९.८५ | **५२.८६** | ७६.५३ | ५५.३५ | ५४.९२ | ५८.४१ | ५२.६६ | **६१.८०** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३*

आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर बागमती प्रदेशको सबैभन्दा बढी (५.४० प्रतिशत) तथा मधेश प्रदेशको सबैभन्दा कम (१.३१ प्रतिशत) हुने प्रारम्भिक अनुमान रहेको छ।

**चार्ट २.१ : प्रादेशिक आर्थिक वृद्धिदर**




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती :

राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित विवरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको सबैभन्दा बढी योगदान रहने अनुमान गरिएको छ। समथर भू-भाग, उर्वर कृषि भूमि, भारतसँगको सीमा पहुँच, उच्च जनघनत्व, यातायात सञ्जाल तथा व्यापारिक सम्भावनाका कारण मधेश प्रदेशलाई उत्पादन, व्यापार, कृषि, उद्योग, पर्यटन तथा सेवा क्षेत्रको केन्द्रका रूपमा विकास गर्न सकिने पर्याप्त आधार रहेको छ।

नेपाल सरकारद्वारा हालै प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरु र विकासका प्राथमिकताहरूले उत्पादनमुखी अर्थतन्त्र, कृषि आधुनिकीकरण, औद्योगिकीकरण, डिजिटल सेवा विस्तार, पूर्वाधार विकास, हरित अर्थतन्त्र, ऊर्जा, पर्यटन तथा रोजगारी सिर्जनालाई प्राथमिकता दिएको सन्दर्भमा मधेश प्रदेशको आर्थिक सम्भावना अझ व्यापक बनेको छ। विश्वव्यापी आपूर्ति श्रृङ्खला पूनर्संरचना, भारतसँगको व्यापारिक सम्बन्ध, दक्षिण एशियाली क्षेत्रीय बजार तथा डिजिटल अर्थतन्त्रको विस्तारले पनि प्रदेशका लागि नयाँ अवसर सिर्जना गरेका छन्।

समष्टिगत रुपमा मधेश प्रदेशको आर्थिक विकासका चुनौती तथा सम्भावनालाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ।

### २.३.१ प्रादेशिक चुनौती

१. प्रदेशमा रहेका अस्पतालहरुमा आवश्यक उपकरण, दक्ष चिकित्सक, जनशक्ति तथा अन्य स्वास्थ्य उपकरणहरुमा आवश्यक स्रोत साधनको व्यवस्था गरी स्वास्थ्य उपचारका लागि भारतीय अस्पतालहरुमा जानुपर्ने बाध्यता हटाउनु।

२. जनकपुर, वीरगञ्ज लगायतका शहरी क्षेत्रलाई शैक्षिक तथा ज्ञान-आधारित केन्द्रका रूपमा विकास गर्न उच्च शिक्षा, अनुसन्धान, प्राविधिक शिक्षालय तथा गुणस्तरीय शिक्षण संस्थाको रुपमा विस्तार गर्नु।

३. वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नका लागि शहरी क्षेत्रका सडकहरुमा थुप्रिने फोहोर व्यवस्थापन गर्नु।

४. किसानहरू अझै बिचौलियामुखी बजार प्रणालीमा निर्भर रहनुपरेको सन्दर्भमा कृषि उपजको भण्डारण, प्रशोधन, बजार पहुँच तथा न्यूनतम समर्थन मूल्य कार्यान्वयनको व्यवस्था गर्नु।

५. माछापालनका लागि प्रसिद्ध क्षेत्रहरूमा आधुनिक मत्स्य पूर्वाधार, चिस्यान केन्द्र, प्रशोधन तथा बजारीकरण प्रणालीमा थप अभिवृद्धि गर्नु।

६. परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यावसायिकरण गर्नु, कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सर्वसुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु ।

७. मधेश प्रदेशका दक्ष जनशक्तिहरु विदेश पलायन हुने प्रवृतिमा वृद्धि भएकोले सेवा क्षेत्र सञ्चालनका लागि प्राविधिक, स्वास्थ्यकर्मी, शिक्षक, सूचना प्रविधि विज्ञजस्ता योग्य र दक्ष जनशक्तिको व्यवस्था गर्नु तथा रोजगारीको वातावरण सिर्जना गर्नु ।

८. वैदेशिक रोजगारीमा रहेका युवाहरूबाट प्राप्त विप्रेषणलाई स्थानीय तहको समन्वयमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु ।

९. भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु ।

१०. मधेश प्रदेशमा रहेका धार्मिक साँस्कृतिक तथा पर्यटन क्षेत्रको रुपमा प्रख्यात जानकी मन्दिर, पर्सा वन्यजन्तु आरक्ष, कोशी टप्पु वन्यजन्तु आरक्ष, सिन्धुलीगढी युद्ध संग्रहालय, भरत ताल लगायतका पर्यटकीय क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्नु ।

११. मधेश प्रदेशमा निर्माण शुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु ।

१२. मधेश प्रदेशमा वित्तीय साक्षारता अभिवृद्धि गरी सीमान्तकृत वर्गमा वित्तीय पहुँच अभिवृद्धि गर्नु ।

१३. प्रदेशमा हुने धेरै आर्थिक कारोबार अझै अनौपचारिक क्षेत्रमा केन्द्रित रहेकाले करको दायरा विस्तार, व्यवसाय दर्ता तथा डिजिटल कारोबार प्रवर्द्धन गर्नु ।

१४. खुला सीमाका कारण हुने अवैध व्यापार, न्यून गुणस्तरका आयातित वस्तु तथा अनौपचारिक कारोबार लगायतका समस्याको सामाधान गर्नु ।

१५. संघ, प्रदेश तथा स्थानीय तहबीच नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा समन्वय गर्नु ।

### २.३.२ प्रादेशिक क्षमता, सम्भावना

१. समतल भू-भाग रहेकोले यातायात तथा औद्योगिक पूर्वाधार निर्माण गर्न तुलनात्मक रुपमा सहज तथा कम खर्चिलो हुने । कृषियोग्य भूमिको प्रचुरता तथा वैदेशिक व्यापारको लागि मुख्य प्रस्थान विन्दुसमेत भएको कारणले मधेश प्रदेशमा कृषिका अतिरिक्त शिक्षा, स्वास्थ्य, पर्यटन जस्ता सेवा क्षेत्र र औद्योगिक क्षेत्रको विकासको पनि उत्तिकै सम्भावना रहेको छ ।

२. मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागि बजारको पनि उच्च सम्भावना रहेको छ ।

३. कृषिजन्य उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग (जस्तै : चिनी उद्योग, खाद्य प्रशोधन उद्योग, तेल उद्योग) स्थापना गर्ने राम्रो सम्भावना रहेको छ ।

४. भारतसँग खुला सीमाना तथा व्यापारिक नाकाहरूको पहुँच भएकाले उत्पादनमूलक उद्योग स्थापना गरी वस्तु तथा सेवाको निर्यात विस्तार गर्न सकिने अनुकूल वातावरण रहेको छ । क्षेत्रीय व्यापार, तथा लजिस्टिक्स सेवाको केन्द्रका रूपमा प्रदेश विकसित हुन सक्ने सम्भावना रहेको छ ।

५. जनकपुर-जयनगर रेल सेवा विस्तार तथा सम्भावित कार्गो सेवामार्फत वस्तु ढुवानी, व्यापार, पर्यटन तथा सीमापार आर्थिक गतिविधि थप सुदृढ गर्न सकिने सम्भावना रहेको छ । रेल सेवालाई लजिस्टिक्स तथा पर्यटनसँग जोड्न सके प्रदेशको आर्थिक गतिविधिमा उल्लेख्य वृद्धि हुन सक्ने देखिन्छ ।

६. मधेश प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिरहरू रहेका कारण भारतीय पर्यटकहरूको उल्लेख्य आवागमन हुने गर्दछ । प्रसिद्ध जानकी मन्दिर, धनुषाधाम मन्दिर, गढीमाई मन्दिर, कंकालिनी मन्दिर, छिन्नमस्ता भगवती मन्दिर यही प्रदेशमा रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ ।

७. जनकपुरधाम तथा अन्य शहरी क्षेत्रमा रहेका पोखरी, तालतलैया तथा सांस्कृतिक सम्पदाको संरक्षण, सौन्दर्यीकरण तथा जल मनोरञ्जनात्मक गतिविधि विकासमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

८. सर्लाहीस्थित भरत ताल, सप्तकोशी नदी तथा अन्य जलाशय क्षेत्रलाई पर्यावरणीय पर्यटन, जल मनोरञ्जन, मत्स्य पर्यटन तथा आन्तरिक पर्यटनसँग जोडेर आर्थिक गतिविधि विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

९. सिन्धुलीगढी युद्ध संग्रहालय, पर्सा राष्ट्रिय निकुञ्ज तथा कोशी टप्पु वन्यजन्तुसँग क्षेत्रीय पर्यटन सञ्जाल विकास गरी धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय पर्यटनको एकीकृत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

१०. सूचना प्रविधि, डिजिटल सेवा, ई-कमर्स, अनलाइन शिक्षा तथा टेलिमेडिसिन सेवाको विस्तारमार्फत् सेवा क्षेत्रलाई आधुनिक तथा प्रतिस्पर्धी बनाउन सकिने सम्भावना बढ्दै गएको छ ।

११. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुसँग भएका ज्ञान, सीप, अनुभव तथा पूँजीलाई कृषि, उद्योग, पर्यटन, स्टार्टअप तथा सेवा क्षेत्रमा परिचालन गरी उद्यमशीलता विकास गर्न सकिने सम्भावना रहेको छ ।

१२. नेपाल सरकारको उत्पादन, रोजगारी, हरित पूर्वाधार, डिजिटल नेपाल, कृषि आधुनिकीकरण तथा निजी लगानी प्रवर्द्धनसम्बन्धी प्राथमिकतासँग समन्वय गरी प्रदेशलाई औद्योगिक तथा आर्थिक केन्द्रका रूपमा विकास गर्न सकिने आधार बलियो बन्दै गएको छ ।

# परिच्छेद-३ कृषि क्षेत्र


## ३.१ प्रमुख कृषि बालीले ओगटेको भू-क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को समीक्षा अवधिमा मधेश प्रदेशमा प्रमुख कृषि बालीहरूअन्तर्गत खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसलाले ओगटेको भू-भाग ६.२५ प्रतिशतले कमी भई ८ लाख ९३ हजार ३ हेक्टर रहेको छ भने गत आर्थिक वर्षको सोही अवधिमा २.९३ प्रतिशतले कमी भई ९ लाख ५२ हजार ५ सय १९ हेक्टर पुगेको थियो। मधेश प्रदेशको कृषि बाली प्राय बर्षामा निर्भर रहेको तथा यस अवधिमा बाढीका कारण भएको डुबानले गर्दा कृषि बालीले ओगटेको क्षेत्रफलमा कमी आएको छ।

### ३.१.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा समग्र खाद्य तथा अन्य बालीले ओगटेको भू-भागमा १०.४९ प्रतिशतले कमी भई ७ लाख ४२ हजार ८६ हेक्टर रहेको छ भने गत आर्थिक वर्षको सोही अवधिमा ४.५० प्रतिशतले कमी भई ८ लाख २९ हजार ८८ हेक्टर पुगेको थियो। २०८२ पुस मसान्तसम्ममा जौंले ओगटेको क्षेत्रफल १२.११ प्रतिशतले वृद्धि भई ३ सय २४ हेक्टर तथा दलहन १.७४ प्रतिशतले वृद्धि भई ९० हजार २ सय १४ हेक्टर पुगेको छ। तर, धान बालीले ओगटेको क्षेत्रफल ८.२६ प्रतिशत, मकै बालीले ओगटेको क्षेत्रफलमा १६.१४ प्रतिशत, गहुँले ओगटेको क्षेत्रफल १६.५२ प्रतिशत, कोदोले ओगटेको क्षेत्रफल ६.६४ प्रतिशत, आलुले ओगटेको क्षेत्रफल २७.९७ प्रतिशत, सनपाटले ओगटेको क्षेत्रफल ८५.५३ प्रतिशत, सुर्तीले ओगटेको क्षेत्रफल ३१.५४ प्रतिशत र तेलहनले ओगटेको क्षेत्रफल १४.३४ प्रतिशतले कमी भएको छ। समीक्षा अवधिमा धान बालीले ओगटेको क्षेत्रफलमा बारा जिल्लामा ०.१३ प्रतिशतले वृद्धि भएको छ भने सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र पर्सा जिल्लामा क्रमशः ५.६४ प्रतिशत, २.४५ प्रतिशत, ९.७५ प्रतिशत, २७.९९ प्रतिशत, ९.४४ प्रतिशत, १४.४० प्रतिशत र ६.५४ प्रतिशतले कमी आएको देखिन्छ।

**चार्ट ३.१ : खाद्य तथा अन्य बालीहरूले ओगटेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: अध्ययन क्षेत्रका कृषि विकास निर्देशनालयहरु*

### ३.१.२ तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा ४५.२४ प्रतिशतले वृद्धि भई ९७ हजार ५ सय ३९ हेक्टर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा ८.८८ प्रतिशतले वृद्धि भई ६७ हजार १ सय ५६ हेक्टरमा खेती भएको थियो। तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रफल सर्लाही जिल्लामा सबैभन्दा बढी २३ हजार १ सय १२ हेक्टर अर्थात् मधेश प्रदेशको २३.७० प्रतिशत र धनुषा जिल्लामा सबैभन्दा कम ७ हजार ७ सय ३७ हेक्टर अर्थात् मधेश प्रदेशको ७.९३ प्रतिशत रहेको छ।

**तालिका ३.१ : तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**

| जिल्ला | २०८१/८२ पुस मसान्त | २०८२/८३ पुस मसान्त | २०८२/८३ पुस मसान्त (हिस्सा प्रतिशत) |
|---|---|---|---|
| **सप्तरी** | ११,२०० | ११,२०० | ११.४८ |
| **सिराहा** | ५,९७५ | ८,०११ | ८.२१ |
| **धनुषा** | ७,७३७ | ७,७३७ | ७.९३ |
| **महोत्तरी** | १५,२५० | १५,००० | १५.३८ |
| **सर्लाही** | १३,५०० | २३,११२ | २३.७० |
| **रौतहट** | २०० | १०,३४० | १०.६० |
| **बारा** | ६,४०० | १२,४०० | १२.७१ |
| **पर्सा** | ६,८९४ | ९,७३९ | ९.९८ |
| **जम्मा** | **६७,१५६** | **९७,५३९** | **१००.००** |

*स्रोत: सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्रहरु*

### ३.१.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफलमा ५.१५ प्रतिशतले कमी भई ५३ हजार ३ सय ७८ हेक्टरमा सिमित भएको छ । फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये आँपले ढाकेको क्षेत्रफलमा ३.९५ प्रतिशत, केरा खेतीले ढाकेको क्षेत्रफलमा १४.०८ र अन्य फलफूल खेतीले ढाकेको क्षेत्रफलमा १२.५५ प्रतिशत वृद्धि भएको देखिन्छ तथा मसला (लसुन, प्याज, अदुवा, बेसार आदि) ले ढाकेको क्षेत्रफलमा ४६.७० प्रतिशतले कमी आएको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिमा फलफुल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफल ९.३३ प्रतिशतले वृद्धि भई ५६ हजार २ सय ७५ हेक्टरमा खेती भएको थियो ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा १०.५९ प्रतिशतले कमी भई ४२ लाख ५२ हजार १ सय ९९ मे.टन उत्पादनमा सिमित भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीको कुल उत्पादनमा १.१७ प्रतिशतले वृद्धि भएको थियो ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी पर्सा जिल्लाको हिस्सा १८.२३ प्रतिशत र सबैभन्दा कम रौतहट जिल्लाको हिस्सा ४.१२ प्रतिशत रहेको छ । तरकारी तथा बागवानीतर्फ सबैभन्दा बढी हिस्सा महोत्तरी जिल्लाको २२.२५ प्रतिशत र सबैभन्दा कम हिस्सा धनुषा जिल्लाको ६.८१ प्रतिशत रहेको छ । फलफूल तथा मसालातर्फ सबैभन्दा बढी सप्तरी जिल्लाको हिस्सा ३५.५९ प्रतिशत र सबैभन्दा कम हिस्सा महोत्तरी जिल्लाको ०.८४ प्रतिशत रहेको छ । समग्रमा, यस प्रदेशमा उखु उत्पादन ०.७७ प्रतिशत, सुर्ती उत्पादन १५.६३ प्रतिशत र तेलहन उत्पादन ७.१९ प्रतिशतले वृद्धि भएको छ भने धान उत्पादन १३.४८ प्रतिशत, मकै उत्पादन ३४.०९ प्रतिशत, गहुँ उत्पादन २२.४४ प्रतिशत, कोदो उत्पादन ६९.०५ प्रतिशत, जौं उत्पादन ३.५६ प्रतिशत, आलु उत्पादन ५७.९७ प्रतिशत, सनपाट उत्पादन ७५.९४ प्रतिशत र दलहन उत्पादन २०.८६ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको पुससम्ममा धानको उत्पादन १०.७० प्रतिशत, मकैको उत्पादन ३४.८५ प्रतिशत, गहुँ उत्पादन २.२८ प्रतिशत र तेलहनको उत्पादन १५.०१ प्रतिशतले वृद्धि भएको थियो भने उखुको उत्पादन १६.८२ प्रतिशत, दलहनको उत्पादन ४१.३९ प्रतिशतले घटेको थियो ।

**तालिका ३.२ : मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा)**

| आ.व. २०८२/८३ | खाद्य तथा अन्य बाली | हिस्सा (%) | तरकारी तथा बागवानी | हिस्सा (%) | फलफूल तथा मसला | हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| सप्तरी | ३५०,७३८.०० | १२.२८ | १३४,४००.०० | १३.७५ | १४८,६३०.०० | ३५.५९ |
| सिराहा | ३६५,७४१.३० | १२.८० | ७०,४११.०० | ७.२० | १०५,९३६.१० | २५.३७ |
| धनुषा | ४११,१७७.०० | १४.३९ | ६६,५८६.०० | ६.८१ | १६,२५०.०० | ३.८९ |
| महोत्तरी | ३५३,१३८.०० | १२.३६ | २१७,५००.०० | २२.२५ | ३,५००.०० | ०.८४ |
| सर्लाही | ४६७,१२१.०० | १६.३५ | १४०,०००.०० | १४.३२ | ३४,१००.०० | ८.१७ |
| रौतहट | ११७,५९५.०० | ४.१२ | १४९,९३०.०० | १५.३४ | ८४,२०७.०० | २०.१६ |
| बारा | २७०,५१०.०० | ९.४७ | ११४,२२८.०० | ११.६८ | १४,१९७.०० | ३.४ |
| पर्सा | ५२०,९५७.०० | १८.२३ | ८४,५४६.०० | ८.६५ | १०,८०१.०० | २.५९ |
| **जम्मा** | **२,८५६,९७७.३०** | **१००** | **९७७,६०१.००** | **१००** | **४१७,६२१.१०** | **१००** |

*स्रोत: सम्बन्धित जिल्लाका कृषि विकास निर्देशनालयहरु*

## ३.२.२ तरकारी तथा बागवानी

मधेश प्रदेशमा समीक्षा अवधिमा तरकारी तथा बागवानीको उत्पादनमा ५.२३ प्रतिशतले वृद्धि भई ९ लाख ७७ हजार ६ सय १ मे. टन उत्पादन भएको अनुमान छ। उत्पादित तरकारीमध्ये सबैभन्दा बढी महोत्तरी जिल्लामा २ लाख १७ हजार ५ सय मे. टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको २२.२५ प्रतिशत उत्पादन भएको छ भने धनुषा जिल्लामा सबैभन्दा कम ६६ हजार ५ सय ८६ मे.टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको ६.८१ प्रतिशत उत्पादन भएको अनुमान छ । गत वर्षको सोही अवधिमा तरकारी तथा बागवानीको उत्पादन १.०७ प्रतिशतले कमी भएको थियो ।

**तालिका ३.३: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा)**

| जिल्ला | २०८१/८२ पुस मसान्त | २०८२/८३ पुस मसान्त | २०८२/८३ पुस मसान्त हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| **सप्तरी** | १३७,४०० | १३४,४०० | १३.७५ |
| **सिराहा** | ६०,५०० | ७०,४११ | ७.२० |
| **धनुषा** | ६६,५८६ | ६६,५८६ | ६.८१ |
| **महोत्तरी** | १९८,२५० | २१७,५०० | २२.२५ |
| **सर्लाही** | १३०,१२५ | १४०,००० | १४.३२ |
| **रौतहट** | १४७,६१६ | १४९,९३० | १५.३४ |
| **बारा** | १०१,१२० | ११४,२२८ | ११.६८ |
| **पर्सा** | ८७,३८६ | ८४,५४६ | ८.६५ |
| **जम्मा** | **९२८,९८३** | **९७७,६०१** | **१००.००** |

*स्रोत : सम्बन्धित जिल्लाका कृषि विकास निर्देशनालयहरु*

## ३.२.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसलाको उत्पादन २३.८९ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादनमा ५.१७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा फलफूलको उत्पादन ३६.४७ प्रतिशतले वृद्धि भएको छ भने मसलाको उत्पादनमा ३०.०५ प्रतिशतले कमी आएको छ। आँप, केरा तथा अन्य फलफूलको उत्पादनमा वृद्धि भएको छ। समीक्षा अवधिमा मसलामध्ये प्याजको उत्पादनमा वृद्धि भएको छ भने लसुन, अदुवा, बेसार र अन्य मसालाको उत्पादन कमी आएको छ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छीजन्य उत्पादन :

समीक्षा अवधिमा मधेश प्रदेशमा दूधको उत्पादन ११.०६ प्रतिशतले वृद्धि भई ४३ करोड ६१ लाख ९० हजार लिटर, मासुको उत्पादन ३३.९८ प्रतिशतले वृद्धि भई १ लाख १९ हजार ५ सय ३७ मे.टन, अण्डाको उत्पादन २३.४६ प्रतिशतले वृद्धि भई ६ करोड २१ लाख ९५ हजार, छालाको उत्पादनमा ७४.१४ प्रतिशतले वृद्धि भई १ करोड ६५ लाख ८५ हजार वर्ग मिटर र ऊन उत्पादनमा ३.५७ प्रतिशतले वृद्धि भई २ हजार ९ सय १८ के.जी. उत्पादन भएको छ। गत वर्षको अर्ध-वार्षिक अवधिमा दूधको उत्पादन ५.२७ प्रतिशतले, मासुको उत्पादन १.७१ प्रतिशतले, अण्डाको उत्पादन २.२० प्रतिशतल बढेको थियो। समीक्षा अवधिमा कुल दूध उत्पादनमध्ये पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी ३०.५१ प्रतिशत रहेको छ भने धनुषा जिल्लाको हिस्सा सबैभन्दा कम ४.७२ प्रतिशत रहेको छ।

**तालिका ३.४ : मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन**

| जिल्ला | दुध (हजार लिटरमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ पुस मसान्त | २०८२/८३ पुस मसान्त | २०८१/८२ पुस मसान्त | २०८२/८३ पुस मसान्त | २०८१/८२ पुस मसान्त | २०८२/८३ पुस मसान्त |
| **सप्तरी** | ४९,०११ | ५१,४६२ | ६,००५ | ६,२०५ | ७,३१० | ७,६७६ |
| **सिराहा** | ६७,३३७ | ६९,३५७ | ७,२५९ | ७,४७२ | ४,५३१ | ४,६६६ |
| **धनुषा** | २०,५५६ | २०,५७२ | १,९६९ | १,९९१ | १,०७७ | १,०८७ |
| **महोत्तरी** | २२,९९७ | २३,९७५ | ९,६२४ | १०,२२९ | ४,६८६ | ४,७५४ |
| **सर्लाही** | ४२,९९७ | ४३,२०१ | ९,६२४ | १०,५३४ | ४,६८६ | ४,५७७ |
| **रौतहट** | २७,००० | ५४,१३२ | ८,४३५ | १७,०१२ | २,५४८ | ५,८०२ |
| **बारा** | ४०,०३५ | ४०,४१५ | ७,९४४ | ७,२९४ | १०,३३५ | ८,८७८ |
| **पर्सा** | १२२,८०१ | १३३,०७६ | ३८,३५८ | ५८,८०० | १५,२०५ | २४,७५५ |
| **जम्मा** | **३९२,७३४** | **४३६,१९०** | **८९,२१८** | **११९,५३७** | **५०,३७८** | **६२,१९५** |

*स्रोत : सम्बन्धित जिल्लाका कृषि विकास निर्देशनालयहरु*

### ३.३.२ माछा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशमा माछाको उत्पादन ८.०३ प्रतिशतले वृद्धि भई ३२ हजार ५ सय ४४ मे. टन पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ४.१३ प्रतिशतले वृद्धि भई ३० हजार १ सय २५ मे. टन रहेको थियो। समीक्षा अवधिमा मधेश प्रदेशमा भएको कुल माछा उत्पादनमा सिराहा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा बढी २०.४५ प्रतिशत र पर्सा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम ८.३० प्रतिशत रहेको छ।

**तालिका ३.५ : मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा)**

| जिल्ला | २०८१/८२ पुस मसान्त | २०८२/८३ पुस मसान्त | २०८२/८३ पुस मसान्त हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| **सप्तरी** | ३,२५० | ३,४१३ | १०.४९ |
| **सिराहा** | ६,६५० | ६,६५५ | २०.४५ |
| **धनुषा** | ३,५१० | ३,५१८ | १०.८१ |
| **महोत्तरी** | ३,०११ | ३,०११ | ९.२५ |
| **सर्लाही** | २,९९६ | ३,४०२ | १०.४५ |
| **रौतहट** | २,६०२ | ५,२३२ | १६.०८ |
| **बारा** | ४,५६८ | ४,६१३ | १४.१७ |
| **पर्सा** | ३,५३८ | २,७०० | ८.३० |
| **जम्मा** | **३०,१२५** | **३२,५४४** | **१००** |

*स्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र*


## ३.४ वनजन्य उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशमा दाउरा उत्पादनमा ३०.८० प्रतिशतले तथा काठ उत्पादनमा १०.०९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा दाउरा उत्पादनमा ११.८६ प्रतिशतले तथा काठ उत्पादनमा ११७.६० प्रतिशतले वृद्धि भएको थियो ।

## ३.५ सिँचाई तथा मौसम

समीक्षा अवधिमा मधेश प्रदेशको कुल सिञ्चित क्षेत्रफल ४.३४ प्रतिशतले कमी भई ३ लाख १९ हजार ८० हेक्टर पुगेको छ। कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोद्वारा सिञ्चित क्षेत्रफल ५.६७ प्रतिशतले कमी भई १ लाख ७ हजार २ सय ३४ हेक्टर, नहरद्वारा सिञ्चित क्षेत्रफल ०.९७ प्रतिशतले कमी भई १ लाख ६५ हजार १ सय २४ हेक्टर र बोरिङद्वारा सिञ्चित क्षेत्रफल ९ प्रतिशतले कमी भई ४१ हजार ५ सय ८६ हेक्टर पुगेको छ। गत वर्षको सोही अवधिमा समग्र सिञ्चित क्षेत्रफल २.४१ प्रतिशतले वृद्धि भएको थियो । सो अवधिमा नहरद्वारा सिञ्चित क्षेत्रफल ४.३१ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ३.२: सिञ्चित भूमिको क्षेत्रफल (हेक्टरमा)**




*स्रोत: जिल्ला स्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय*

## ३.६. क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा गत वर्ष सोही अवधिको भन्दा ५.६६ प्रतिशतले कमी भई रु.६० अर्ब ९७ करोड रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.६४ अर्ब ६२ करोड रहेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १२.१९ प्रतिशत रहेको छ। मधेश प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सर्लाही जिल्लामा प्रवाह भएको कर्जाको हिस्सा सबैभन्दा बढी अर्थात १६.३२ प्रतिशत र सप्तरी जिल्लामा प्रवाह भएको कर्जाको हिस्सा सबैभन्दा कम अर्थात ७.५० प्रतिशत रहेको छ ।

**तालिका ३.६ : मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु करोडमा)**

| जिल्ला | कृषि कर्जा | हिस्सा (प्रतिशत) |
|---|---|---|
| **सप्तरी** | ४,५७३.१० | ७.५० |
| **सिराहा** | ८,११६.५२ | १३.३१ |
| **धनुषा** | ९,४०८.८९ | १५.४३ |
| **महोत्तरी** | ६,८१९.४८ | ११.१८ |
| **सर्लाही** | ९,९४८.६७ | १६.३२ |
| **रौतहट** | ६,७३३.९० | ११.०४ |
| **बारा** | ६,६४३.८८ | १०.९० |
| **पर्सा** | ८,७२७.२८ | १४.३१ |
| **जम्मा** | **६०,९७१.७१** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

### ३.७.१ चुनौतीहरु

मधेश प्रदेशमा भौगोलिक सुगमता, खेतीयोग्य जमिनको प्रचुरता, सीमा नजिकको व्यापारिक पहुँच तथा यातायातको तुलनात्मक सहजता हुँदाहुँदै पनि पनि कृषि क्षेत्रले हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका कारण विभिन्न नीतिगत र संरचनात्मक चुनौतीहरूको सामना गरिरहेको छ। रूस-युक्रेन युद्ध, मध्यपूर्वको अस्थिरता, विश्वव्यापी आपूर्ति श्रृङ्खला अवरोध, बढ्दो महँगी, जलवायु परिवर्तन तथा नेपालमा देखिएको राजनीतिक र नीतिगत परिवर्तनले कृषि क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको छ। यस सन्दर्भमा मधेश प्रदेशमा कृषि क्षेत्रका प्रमुख चुनौतीहरू देहाय बमोजिम रहेका छन् :

१. किसानहरूले उत्पादन गरेको कृषि उपजको उचित बजार, भण्डारण तथा प्रशोधन सुविधामा सीमित पहुँच हुँदा बिचौलियामुखी बजार प्रणाली कायम रहेको छ। बजार मूल्यमा अस्थिरता, आयातित वस्तुसँगको प्रतिस्पर्धा तथा न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन गर्नु।

२. आधुनिक कृषि प्रविधि, जलवायु-स्मार्ट कृषि प्रणाली, डिजिटल कृषि सेवा, बाली बीमा, रोग तथा कीट व्यवस्थापन, माटो परीक्षण, बाली चक्र तथा कृषि यान्त्रीकरणसम्बन्धी ज्ञान र सेवामा किसानहरूको पहुँच बढाउनु।

३. वैदेशिक रोजगारी तथा शहरी क्षेत्रतर्फ युवाको आकर्षण बढ्दै जाँदा कृषि क्षेत्रमा दक्ष जनशक्तिको अभाव सिर्जना भएकोले कृषि श्रमिकको लागतमा हुने वृद्धिलाई नियन्त्रण गर्नु।

४. मधेश प्रदेशको अधिकांश खेती अझै पनि वर्षामा आधारित रहेको हुँदा जलवायु परिवर्तनका कारण हुने अनियमित वर्षा, खडेरी, बाढी तथा डुबानले उत्पादनमा ठूलो असर पुऱ्याइरहेको छ। सिँचाइ पूर्वाधार, नहर प्रणाली, भूमिगत जल व्यवस्थापन तथा ऊर्जामा आधारित सिँचाइ प्रणाली पर्याप्त रूपमा व्यवस्था गरी विस्तार गर्नु।

५. अन्तर्राष्ट्रिय संकट र आपूर्ति श्रृङ्खलामा आएको अवरोधका कारण रासायनिक मल, उन्नत बिउ, कृषि औजार, पशु आहार तथा कीटनाशक औषधीको मूल्य वृद्धि भएका कारण गुणस्तरीय कृषि सामग्री समयमै उपलब्ध गराउनु।

६. ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको सीमित पहुँच, उच्च धितोको माग, जटिल ऋण प्रक्रिया तथा सहुलियतपूर्ण कृषि कर्जाको प्रभावकारी कार्यान्वयन गरी साना तथा सीमान्त किसानहरूलाई औपचारिक वित्तीय सेवाको पहुँच बढाउनु।

७. अधिकांश किसानहरूले साना तथा खण्डित जमिनमा खेती गर्ने भएकाले यान्त्रिकरण, व्यावसायिक खेती तथा दीर्घकालीन कृषि लगानी तथा स्टार्टअपमा आधारित उद्यमको विस्तार गर्नु।

८. कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, प्रतिस्पर्धी तथा सम्मानजनक पेशाको रूपमा विकास गरी युवा उद्यमशीलता आकर्षित गर्नु।

९. संघ, प्रदेश तथा स्थानीय तहबीच कृषि नीति, कार्यक्रम र अनुदान व्यवस्थापनमा समन्वयको अभाव तथा सरकार परिवर्तनसँगै नीतिगत निरन्तरतामा देखिने कमजोरीले कृषि विकास कार्यक्रमको प्रभावकारिता कायम गर्नु।

### ३.७.२ सम्भावनाहरु

उपरोक्त चुनौतीहरू हुँदाहुँदै पनि मधेश प्रदेश कृषि उत्पादन, कृषिमा आधारित उद्योग, खाद्य सुरक्षा तथा निर्यात प्रवर्द्धनका दृष्टिले अत्यन्त सम्भावनायुक्त प्रदेशको रूपमा रहेको छ। उर्वर भूमि, ठूलो उपभोक्ता बजार, सीमा व्यापार, युवा उद्यमशीलता तथा आधुनिक प्रविधिको विस्तारले कृषि क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गर्न सकिने अवस्था रहेको छ। यस सन्दर्भमा मधेश प्रदेशमा कृषि क्षेत्रका प्रमुख सम्भावनाहरू देहाय बमोजिम रहेका छन् :

१. मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुहरुको व्यावसायिक उत्पादनका साथै खपतका लागि बजारको पनि उच्च सम्भावना रहेको छ।

२. एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रममार्फत कृषिको उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ।

३. मधेश प्रदेशमा समतल उर्वर भूमिको प्रचुरता रहेकोले सिँचाई सुविधामार्फत कृषियोग्य भूमिको क्षेत्रफल विस्तार गरी खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ।

४. जलवायु-स्मार्ट कृषि, सौर्य सिँचाइ, ड्रिप तथा स्प्रिंकलर प्रणाली, डिजिटल कृषि सेवा, कृषि यान्त्रीकरण तथा स्मार्ट खेती प्रविधिको प्रयोगमार्फत उत्पादन लागत घटाई उत्पादकत्व वृद्धि गर्न सकिने ठूलो सम्भावना रहेको छ।

५. मधेश प्रदेश भारतसँग खुला सीमामा जोडिएको तथा राष्ट्रिय राजमार्ग सञ्जालसँग निकट भएकाले कृषि उपजको निर्यात, कृषि व्यापार तथा कृषिमा आधारित उद्योग विस्तारका लागि महत्वपूर्ण सम्भावना रहेको छ।

६. मौसमी तथा बहुमौसमी तरकारी, फलफूल, मसला बाली, बीउ उत्पादन तथा फूलखेतीको व्यावसायिक विस्तार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने सम्भावना बढ्दो रहेको छ।

७. विश्वव्यापी रूपमा जैविक तथा सुरक्षित खाद्य पदार्थको माग बढ्दै गएकाले रासायनिक पदार्थको प्रयोग न्यूनीकरण गर्दै जैविक तरकारी, फलफूल तथा विषादीरहित कृषि उत्पादनलाई ब्रान्डिङ गरी उच्च मूल्य प्राप्त गर्न सकिने सम्भावना रहेको छ।

८. उर्वर भूमि तथा घाँसे बाली उत्पादनको उच्च सम्भावनाका कारण पशुपालन, दुग्ध व्यवसाय, बाख्रापालन, कुखुरापालन तथा मत्स्यपालनलाई कृषि व्यवसायसँग एकीकृत गरी आयआर्जन तथा रोजगारी वृद्धि गर्न सकिने सम्भावना रहेको छ।

९. कृषि पर्यटन, स्थानीय संस्कृति, परम्परागत खेती प्रणाली तथा ग्रामीण जीवनशैलीलाई प्रवर्द्धन गरी अतिरिक्त आम्दानी तथा स्थानीय रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

१०. सहकारी, कृषि स्टार्टअप, युवा उद्यमशीलता तथा सूचना प्रविधिमा आधारित कृषि सेवा विस्तार हुँदै गएकाले कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी तथा नवप्रवर्तन बढाउने अवसर सिर्जना भएको छ।


११. संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदार संस्थाहरूबाट कृषि आधुनिकीकरण, खाद्य सुरक्षा, जलवायु अनुकूलन तथा ग्रामीण उद्यम विकासका क्षेत्रमा बढ्दो लगानी र कार्यक्रम सञ्चालन भइरहेकाले कृषि क्षेत्रको रूपान्तरणका लागि सकारात्मक आधार तयार हुँदै गएको छ।

# परिच्छेद-४ उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरूको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) ३६.८९ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा यी उद्योगहरुको औसत क्षमता उपयोग ३४.५९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा पेय पदार्थ उद्योग अन्तर्गत मदिरा उद्योगले सबैभन्दा बढी ८३.१३ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने लत्ता कपडा उद्योग अन्तर्गत सिन्थेटिक कपडा उद्योगको क्षमता उपयोग सबैभन्दा कम २.९० प्रतिशत रहेको देखिन्छ ।

**चार्ट ४.१ नमूना छनौटमा परेका उद्योगहरुको क्षमता उपयोगिता**




*स्रोत: नमूना छनौटमा समेटिएका उद्योगहरु*

समीक्षा अवधिमा धातुका उपकरण अन्तर्गत घरेलु धातु उद्योगको क्षमता उपयोग ३२.४६ प्रतिशत, वनस्पति घिउ तथा तेल अन्तर्गत तोरीको तेल उद्योगको क्षमता उपयोग ३१.५३ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग २८.२४ प्रतिशत, अन्न तथा पशु दाना अन्तर्गत चामल उद्योगको क्षमता उपयोग २८.४९ प्रतिशत, पशु दाना उद्योगको क्षमता उपयोग ४६.७४ प्रतिशत, लत्ता कपडा अन्तर्गत धागो उद्योगको क्षमता उपयोग २८.६७ प्रतिशत र सिन्थेटिक कपडा उद्योगको क्षमता उपयोग २.९० प्रतिशत रहेको छ । त्यस्तै, चुरोट, चिनी, प्रशोधित छाला र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः १८.८६ प्रतिशत, ३९.३१ प्रतिशत, ३५.५७ प्रतिशत र ११.१३ प्रतिशत रहेको छ ।

गत वर्षको सोही अवधिमा धातुका उपकरण अन्तर्गत घरेलु धातु उद्योगको क्षमता उपयोग ४३.३३ प्रतिशत, वनस्पति घिउ तथा तेल अन्तर्गत तोरीको तेल उद्योगको क्षमता उपयोग ५२.११ प्रतिशत, भटमास तेल उद्योगको क्षमता उपयोग २८.२४ प्रतिशत, अन्न तथा पशु दाना अन्तर्गत चामल उद्योगको क्षमता उपयोग २८.४९ प्रतिशत, पशु दाना उद्योगको क्षमता उपयोग ४५.९० प्रतिशत, लत्ता कपडा अन्तर्गत धागो उद्योगको क्षमता उपयोग ३०.१७ प्रतिशत र सिन्थेटिक कपडा उद्योगको क्षमता उपयोग ६.४० प्रतिशत रहेको थियो । त्यस्तै, चुरोट, चिनी, प्रशोधित छाला र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः १९.६४ प्रतिशत, ९.८६ प्रतिशत, ३५.५७ प्रतिशत र ३.९३ प्रतिशत रहेको थियो ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा २.६७ प्रतिशतले बढ्न गई रु.१ खर्ब २८ अर्ब ४७ करोड रहन गएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१ खर्ब २५ अर्ब १३ करोड रहेको थियो । समीक्षा अवधिमा मधेश प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कर्जा पर्सा जिल्लामा ६३.५५ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा २.१६ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सबैभन्दा धेरै उद्योगहरू पर्सा जिल्लामा रहेकोले सबैभन्दा बढी औद्योगिक कर्जा प्रवाह उक्त जिल्लामा भएको देखिन्छ ।

**तालिका ४.१ जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)**


| जिल्ला | कर्जा रकम | हिस्सा (प्रतिशत) |
|---|---|---|
| **सप्तरी** | २७७.१२ | २.१६ |
| **सिराहा** | ६४२.४३ | ५ |
| **धनुषा** | १,२८३.१८ | ९.९९ |
| **महोत्तरी** | ५८४.७९ | ४.५५ |
| **सर्लाही** | ६८५.५९ | ५.३४ |
| **रौतहट** | ४४२.६५ | ३.४५ |
| **बारा** | ७६६.४५ | ५.९७ |
| **पर्सा** | ८,१६४.९६ | ६३.५५ |
| **जम्मा** | **१२,८४७.१७** | **१००** |

*स्रोतः- नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा रु.१ खर्ब २८ अर्ब ४७ करोडमध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५३.२५ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३५.३६ प्रतिशत, निर्माण उद्योगतर्फ ५.३८ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादनतर्फ ४.४३ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.६१ प्रतिशत र खानी उद्योगतर्फ ०.९७ प्रतिशत कर्जा प्रवाह भएको छ । समग्रमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा औद्योगिक कर्जा विस्तारमा २.६७ प्रतिशतले बढेको छ ।

गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा निर्माण उद्योगतर्फ प्रवाह भएको कर्जामा १.४७ प्रतिशत, धातुका उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स उत्पादनतर्फ १०.०१ प्रतिशत र विद्युत् ग्याँस तथा पानीतर्फ प्रवाह भएको कर्जामा १४.८० प्रतिशत, खनिज उत्पादनमा प्रवाह भएको कर्जामा २९.२२ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादनतर्फ २०.३९ प्रतिशतले वृद्धि भएको छ भने गैर-खाद्यवस्तु उत्पादनतर्फ प्रवाह भएको कर्जामा ७.८३ प्रतिशतले कमी आएको छ ।

**चार्ट ४.२: क्षेत्रगत औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)**




*स्रोत : नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

मधेश प्रदेशको सम्पूर्ण भू-भाग समथर तथा यातायात पहुँचयुक्त रहेको छ । भारतसँग खुला सीमा, पूर्व-पश्चिम राजमार्ग, रेल तथा भन्सार नाकासँगको निकटताले उद्योग, व्यापार तथा निर्यात प्रवर्द्धनका लागि विशेष अवसर सिर्जना गरेको छ । कृषि उत्पादनको प्रचुरता, ठूलो उपभोक्ता बजार तथा श्रम उपलब्धताले औद्योगिक विकासका लागि अनुकूल वातावरण प्रदान गरे पनि हाल विश्वव्यापी आर्थिक मन्दी, रूस-युक्रेन युद्ध, मध्यपूर्व संकट, आपूर्ति श्रृङ्खला अवरोध, ऊर्जा तथा कच्चा पदार्थको मूल्यवृद्धि, बढ्दो महँगी, जलवायु परिवर्तन तथा नेपालमा देखिएको नीतिगत अस्थिरताले औद्योगिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको छ। यस्तो परिवेशमा मधेश प्रदेशको औद्योगिक क्षेत्रसँग सम्बन्धित प्रमुख चुनौती तथा सम्भावनाहरू देहायबमोजिम रहेका छन् ।

### ४.३.१ चुनौतीहरु

१. बजार, श्रमशक्ति, यातायात पहुँच तथा कच्चा पदार्थको उपलब्धताका आधारमा औद्योगिक विकासका सम्भावना भएका क्षेत्रहरूलाई योजनाबद्ध रूपमा औद्योगिक करिडोर, औद्योगिक ग्राम, औद्योगिक जोन तथा विशेष आर्थिक केन्द्रका रूपमा विकास गर्नु ।

२. उद्योगको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी बाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ।

३. उद्योग/व्यवसायको क्रियाकलापहरुलाई स्वच्छ र पारदर्शी बनाई सर्वसाधारणबाट समेत ठूलो मात्रामा पूँजी परिचालन गर्न आवश्यक विश्वासको वातावरण तयार गरी संस्थागत संस्कृतिको विकास गर्नु ।

४. औद्योगिक उत्पादन लागत न्यूनीकरण गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।

५. औद्योगिक क्षेत्रमा सौहार्दपूर्ण श्रमसम्बन्ध विकास गरी गैर व्यापारिक तथा गैर व्यावसायिक जोखिम न्यूनीकरण गर्नु ।

६. अधिकांश उद्योगहरू कम क्षमतामा सञ्चालित रहेकाले पूर्ण क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्नु । श्रमिक, ऊर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्थाको अन्त्य गर्दै वर्षैभरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु ।

७. प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु उत्पादन तथा उखुको गुणस्तर सुधार गर्दै चिनी उत्पादनमा आत्मनिर्भर बनाउनु ।

८. व्यवस्थित तवरले उद्योग सञ्चालन गर्नका लागि आवश्यक आधारभूत पूर्वाधारहरु जस्तैः बिजुली, खानेपानी, सञ्चार र यातायातको विकास गर्नु ।

९. सिमित मात्रामा औद्योगिक क्षेत्रहरु रहेकाले नयाँ उद्योगहरुको स्थापनाका लागि चाहिने आवश्यक नीतिगत तथा संरचनागत सहजीकरण गर्नु ।

१०. उद्योगमा उत्पादन भएका वस्तुहरुको बिक्री तथा वितरणका लागि आवश्यक बजार पहुँच बढाउनु तथा व्यवस्थित गर्नु ।

११. विश्वव्यापी रुपमा इन्धन तथा ऊर्जाको मूल्यवृद्धि, ढुवानी लागत वृद्धि र कच्चा पदार्थ आयातमा निर्भरता लगायतका कारण औद्योगिक उत्पादन लागत निरन्तर बढिरहेकोले स्थानीय रुपमा उत्पादित वस्तुहरुको मूल्य वृद्धि तथा न्यून प्रतिस्पर्धात्मक क्षमताको अवस्थालाई न्यूनीकरण गर्नु ।

### ४.३.२ सम्भावनाहरु

१. मधेश प्रदेश भारतसँग खुला सीमामा जोडिएको तथा दक्षिण एशियाली व्यापारिक मार्गसँग निकट रहेकोले उद्योग, व्यापार तथा निर्यातको महत्वपूर्ण केन्द्रका रूपमा विकास हुने उच्च सम्भावना रहेको छ ।

२. प्रदेशमा धान, गहुँ, मकै, उखु, तेलहन, तरकारी, फलफूल तथा दुग्ध उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योगहरू जस्तैः खाद्य प्रशोधन, चिनी उद्योग, दुग्ध उद्योग, तेल उद्योग, चामल उद्योग तथा पशु आहार उद्योग विस्तार गर्ने पर्याप्त सम्भावना रहेको छ ।

३. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले समृद्ध मधेश प्रदेशमा होटल, हस्तकला, धार्मिक सामग्री, मिथिला कला तथा पर्यटनसँग सम्बन्धित विभिन्न उद्योगहरूको विकास गर्न सकिने व्यापक सम्भावना रहेको छ ।

४. मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय नागरिकको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने सम्भावना रहेको छ ।

५. मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने सम्भावना देखिन्छ ।

६. मधेश प्रदेशको दक्षिणी सीमा भारतसँग खुला रुपमा जोडिएको हुँदा भारतबाट आयात हुने औद्योगिक कच्चा पदार्थको ढुवानी लागत सस्तो हुने भएकोले कम लागतमा वस्तु उत्पादन गरी निकासी गर्न सक्ने सम्भावना रहेको छ ।

७. डिजिटल प्रविधि, ई-कमर्स, अनलाइन बजार तथा सूचना प्रविधिको विकास तथा विस्तारसँगै साना तथा घरेलु उद्योगहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्ने नयाँ अवसर सिर्जना हुने सम्भावना रहेको छ ।

८. नेपाल सरकारले औद्योगिकीकरण, निर्यात प्रवर्द्धन, लगानी सम्मेलन, स्टार्टअप प्रोत्साहन तथा विशेष आर्थिक केन्द्रको विकासलाई प्राथमिकता दिइरहेको सन्दर्भमा मधेश प्रदेशमा निजी तथा वैदेशिक लगानी आकर्षित हुने सम्भावना बढेको छ ।

९. हरित उद्योग, नवीकरणीय ऊर्जा, सौर्य ऊर्जामा आधारित उत्पादन प्रणाली तथा वातावरणमैत्री उद्योगको विकासमार्फत् दिगो औद्योगिक विकासलाई प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद-५ सेवा क्षेत्र

सेवा क्षेत्रअन्तर्गत मधेश प्रदेशमा सञ्चालित पर्यटन उद्योग, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन, स्वास्थ्य एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरूलाई समावेश गरिएको छ। तीमध्ये प्रमुख उप-क्षेत्रहरूको समीक्षा अवधिको स्थिति निम्नानुसार रहेको छ।

## ५.१ पर्यटन

२०८२ साउनदेखि पुस मसान्तसम्ममा अध्ययनमा समेटिएका होटलहरुको औषत क्षमता उपयोग (Occupancy Rate) ३५.२३ प्रतिशत रहेको छ । २०८१ साउनदेखि पुस मसान्तसम्ममा यस्तो क्षमता उपयोग औषतमा ३३. ६५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा छनौटमा परेका मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या गत वर्षको सोही अवधिको तुलनामा ३१.२९ प्रतिशतले कमी आएको छ । आर्थिक वर्ष २०८१/०८२ को पहिलो ६ महिनामा यस क्षेत्रको रोजगारीमा ४.२२ प्रतिशतले कमी भएको थियो। समीक्षा अवधिमा पर्यटक आगमनमा २२.४४ प्रतिशतले वृद्धि भई १८ हजार ४ सय १२ जना पुगेको छ। कुल पर्यटक आगमनमा भारतबाट १७ हजार १ सय ५१ जना र चीन तथा तेस्रो मुलुकबाट १ हजार २ सय ६१ जना पर्यटकले भ्रमण गरेको छ। गत वर्षको सोही अवधिमा पर्यटक आगमन ९.१८ प्रशितले वृद्धि भई १५ हजार ३८ जना रहेको थियो। पर्यटक आगमनमा वृद्धि भएता पनि खासगरी भारतीय पर्यटकहरुले होटलको उपयोग नगर्ने, खानपानको व्यवस्था स्वयम् पर्यटक आफैले गर्ने, सामाग्रीहरुको खरिदमा खर्च कम गर्ने प्रवृति लगायतका कारणले गर्दा रोजगारीको अवसरमा कमी आएको देखिन्छ।

## ५.२.सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा मधेश प्रदेशको समग्र घरजग्गा रजिष्ट्रेशन संख्या १९.५३ प्रतिशतले कमी भई ४८ हजार ९ सय १० रहेको छ भने घरजग्गा रजिस्ट्रेशन वापतेको राजस्व ६९.१६ प्रतिशतले बढेर रु.२ अर्ब २ करोड संकलन भएको छ । गत वर्षको सोही अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या १.०७ प्रतिशतले कमी भएको थियो भने घरजग्गा रजिस्ट्रेशन वापतेको राजस्व ८.१२ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी, समीक्षा अवधिमा नक्शा पास स्वीकृत संख्या ०.८९ प्रतिशतले वृद्धि भई १ हजार १ सय ३८ रहन गएको छ।

**तालिका ५.१ सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०८१ पुस मसान्तसम्म | २०८२ पुस मसान्तसम्म |
|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ६०७८३ | ४८,९१० |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | १८५४ | १,१३८ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ११९५ | २,०२२ |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, उप-महानगरपालिका/नगरपालिका कार्यालय*

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा मधेश प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या १ हजार ७ सय ५९ रहेको छ। गत वर्षको सोही अवधिमा यस प्रदेशमा सञ्चालित बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या १ हजार ७ सय ६३ रहेको थियो।

सञ्चालनमा रहेका शाखाहरूमध्ये वाणिज्य बैंकको ५८७, विकास बैंकको ८६, वित्त कम्पनीको ५३ र लघुवित्तको १ हजार ३३ शाखाहरु रहेको छ। जिल्लागत आधारमा शाखाहरुको उपस्थिति सबैभन्दा बढी धनुषा, बारा र सर्लाही जिल्लामा रहेको छ भने सबैभन्दा कम रौतहट जिल्लामा रहेको छ। समीक्षा अवधिमा यस प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको ATM संख्या ५११ रहेको छ भने गत आर्थिक वर्षको सोही अवधिमा जम्मा ५१० रहेको थियो। सबैभन्दा बढी ATM संख्या धनुषा जिल्लामा ८३ वटा र सबैभन्दा कम ATM संख्या रौतहट जिल्लामा ४४ वटा रहेको छ।

**तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरू**

| जिल्ला | २०८२ पुस मसान्तसम्मको शाखा संख्या | २०८२ पुस मसान्तसम्मको ATM संख्या |
|---|---|---|
| सप्तरी | १९३ | ४५ |
| सिराहा | २३२ | ६७ |
| धनुषा | २५१ | ८३ |
| महोत्तरी | २२१ | ४८ |
| सर्लाही | २४१ | ६७ |
| रौतहट | १७७ | ४४ |
| बारा | २४८ | ७५ |
| पर्सा | १९६ | ८२ |
| **जम्मा** | **१,७५९** | **५११** |

*स्रोत:- नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा जनकपुर कार्यालय तथा वीरगञ्ज कार्यालय अन्तर्गत रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरुमा सञ्चालित ५ नोटकोषहरुमा रु. ३ अर्ब १० करोड फण्ड ट्रान्सफर भएको छ। गत वर्षको सोही अवधिमा रु. ३ अर्ब २० करोड फण्ड ट्रान्सफर भएको थियो।

समीक्षा अवधिमा जनकपुर कार्यालय र वीरगञ्ज कार्यालयबाट रु. २४ करोड १५ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ। गत वर्षको सोही अवधिमा रु. १३ करोड ५१ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो। समीक्षा अवधिमा जनकपुर कार्यालय र वीरगञ्ज कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रामध्ये अमेरिकी डलर ५८.९१ प्रतिशत, युरो ८९५ प्रतिशत र अन्य परिवर्त्य विदेशी मुद्रा ६७.८५ प्रतिशत रहेको छ। साथै समीक्षा अवधिमा भारतीय मुद्राको बिक्री ७५.६९ प्रतिशतले वृद्धि भई रु. ५९ करोड रहेको छ।


समीक्षा अवधिमा जनकपुर कार्यालय र वीरगञ्ज कार्यालयमार्फत् विदेशी मुद्रा सटही गर्ने इजाजतप्राप्त संस्थाहरुको संख्या १९ रहेको छ, जसमध्ये मनिचेञ्जर १६ र होटल/रिसोर्टको संख्या ३ रहेको छ।

## ५.३.१ निक्षेप तथा कर्जा स्थिति

बैंक तथा वित्तीय संस्थाहरूले २०८२ पुस मसान्तको कुल निक्षेप गत वर्षको सोही मितिको तुलनामा २०.९० प्रतिशतले वृद्धि भई रु.४ खर्ब २७ अर्ब २७ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १३.१७ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५३ अर्ब ४२ करोड पुगेको थियो।

२०८२ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा २.३९ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ७ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १२.१७ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ८८ अर्ब ३८ करोड रहेको थियो। निक्षेप परिचालन र कर्जा प्रवाहको आँकडालाई तुलना गर्दा अन्य प्रदेशहरुमा संकलन भएको वित्तीय स्रोत मधेश प्रदेशमा स्थानान्तरण भई सोको उपयोग भएको देखिन्छ।

**चार्ट ५.१ : निक्षेप तथा कर्जा स्थिति (रु.खर्बमा)**




*स्रोतः- नेपाल राष्ट्र बैंक*

## ५.४ स्वास्थ्य

समीक्षा अवधिमा मधेश प्रदेशमा कुल सरकारी/सामुदायिक अस्पतालहरुको संख्या गत वर्षको सोही अवधिको तुलनामा २५ प्रतिशतले वृद्धि भई ३५ पुगेको छ । गत वर्षको सोही अवधिमा उक्त सरकारी/सामुदायिक अस्पतालहरुको संख्या २८ रहेको थियो । त्यसैगरी समीक्षा अवधिमा सरकारी/सामुदायिक अस्पतालहरुमा कार्यरत चिकित्सकको संख्या १६.६७ प्रतिशतले वृद्धि भई ४६२ जना र शैया संख्या ६.८५ प्रतिशतले वृद्धि भई १,५५९ पुगेको छ । समीक्षा अवधिमा यस प्रदेशमा निजी अस्पतालको संख्या ४.७६ प्रतिशतले वृद्धि भई १७६, चिकित्सकको संख्या १५.०२ प्रतिशतले वृद्धि भई १,१७९ र शैयाको संख्या ६.१७ प्रतिशतले वृद्धि भई ४,२८२ रहेको छ ।

**तालिका ५.३ : मधेश प्रदेशमा स्वास्थ्य सेवाको स्थिति**

| विवरण | आ.व.२०८१/०८२ (साउन-पुस) | आ.व.२०८२/०८३ (साउन-पुस) | समीक्षा अवधिको परिवर्तन (%) |
|---|---|---|---|
| **१.सरकारी/सामुदायिक अस्पताल** | | | |
| अस्पताल संख्या | २८ | ३५ | २५.०० |
| चिकित्सक संख्या | ३९६ | ४६२ | १६.६७ |
| शैया संख्या | १,४५९ | १,५५९ | ६.८५ |
| **२.निजी अस्पताल** | | | |
| अस्पताल संख्या | १६८ | १७६ | ४.७६ |
| चिकित्सक संख्या | १,०२५ | १,१७९ | १५.०२ |
| शैया संख्या | ४,०३३ | ४,२८२ | ६.१७ |

*स्रोतः- जिल्लास्थित स्वास्थ्य कार्यालय, मधेश प्रदेश*

### ५.५ यातायात

समीक्षा अवधिमा मधेश प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या गत वर्षको सोही अवधिको तुलनामा ५५.६६ प्रतिशतले वृद्धि भई ५० हजार ८ सय ३२ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सवारी साधनको संख्या ३५.६१ प्रतिशतले कमी भई ३२ हजार ६ सय ५६ रहेको थियो। सवारी साधनमध्ये मोटरसाइकलको संख्यामा ५८.७६ प्रतिशतले वृद्धि भई ४२ हजार ३ सय २३ र अन्य यातायात साधनको संख्यामा ४१.८६ प्रतिशतले वृद्धि भई ८ हजार ५ सय ९ पुगेको छ। दर्ता भएका अन्य यातायात साधन अन्तर्गत इलेक्ट्रिक रिक्साको हिस्सा बढी रहेको छ तथा विप्रेषण आय दुई पाङ्ग्रेमा सवारी साधन खरिदमा खर्च गरेको देखिन्छ।

**तालिका ५.४ : मधेश प्रदेशमा यातायातको स्थिति**

| विवरण | आ.व.२०८१/०८२ (साउन-पुस) | आ.व.२०८२/०८३ (साउन-पुस) | समीक्षा अवधिको परिवर्तन (%) |
|---|---|---|---|
| **मोटरसाईकल** | २६,६५८ | ४२,३२३ | ५८.७६% |
| **अन्य** | ५,९९८ | ८,५०९ | ४१.८६% |
| **कुल संख्या** | **३२,६५६** | **५०,८३२** | **५५.६६%** |

*स्रोतः- यातायात व्यवस्था कार्यालय, मधेश प्रदेश*

### ५.६ सेवा क्षेत्र कर्जा

#### ५.६.१ सेवा क्षेत्र कर्जाको स्थिती

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ५.१२ प्रतिशतले कमी भई रु.१ खर्ब ७१ अर्ब ९३ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा १८.१९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ८१ अर्ब २० करोड रहेको थियो।

**तालिका ५.५ : सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)**

| विवरण | २०८०/८१ पुस मसान्त | २०८१/८२ पुस मसान्त | २०८२/८३ पुस मसान्त |
|---|---|---|---|
| **यातायात, भण्डारण र संचार** | ७९६.८० | ४२६.८३ | ४३७.६५ |
| **थोक तथा खुद्रा बिक्रेता** | १३,३९२.२९ | १५,०११.११ | १५,०१३.८० |
| **वित्त, बीमा तथा अचल सम्पत्ति** | ३२१.५० | ६३६.६५ | ६२८.८३ |
| **पर्यटन** | ५८१.७५ | १,३०६.७१ | ८५२.०० |
| **अन्य सेवा** | २३८.९३ | ७३९.०७ | २६०.८६ |
| **जम्मा** | **१५,३३१.२८** | **१८,१२०.३७** | **१७,१९३.१४** |

*स्रोतः- नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जामध्ये सबैभन्दा बढी पर्सा जिल्लामा रु.५९ अर्ब ७९ करोड अर्थात् मधेश प्रदेशमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ३४.७८ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा रु.८ अर्ब ६० करोड अर्थात् मधेश प्रदेशमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ५.०१ प्रतिशत रहेको छ।

**तालिका ५.६ : जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा)**

| जिल्ला | रकम | जिल्लागत हिस्सा (%) |
|---|---|---|
| सप्तरी | ८६०.५९ | ५.०१ |
| सिराहा | १,९४३.६८ | ११.३० |
| धनुषा | २,४७८.२६ | १४.४१ |
| महोत्तरी | १,४०६.५७ | ८.१८ |
| सर्लाही | १,७८०.२९ | १०.३५ |
| रौतहट | १,२६०.११ | ७.३३ |
| बारा | १,४८४.३५ | ८.६३ |
| पर्सा | ५,९७९.३० | ३४.७८ |
| जम्मा | १७,१९३.१४ | १०० |

*स्रोत:- नेपाल राष्ट्र बैंक*

## ५.६.२ सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा सहुलियतपूर्ण कर्जा रु.८ अर्ब ९९ करोड पुगेको छ । प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी रु.१ अर्ब ५७ करोड अर्थात् १७.५४ प्रतिशत धनुषा जिल्लामा र सबैभन्दा कम रु.४५ करोड अर्थात् ५.०८ प्रतिशत सप्तरी जिल्लामा रहेको छ ।

**तालिका ५.७ : मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा)**

| जिल्ला | सहुलियतपूर्ण कर्जा | हिस्सा (प्रतिशत) |
|---|---|---|
| सप्तरी | ४५.६६ | ५.०८ |
| सिराहा | १३२.५३ | १४.७४ |
| धनुषा | १५७.७३ | १७.५४ |
| महोत्तरी | ९७.१० | १०.८ |
| सर्लाही | १४६.०७ | १६.२५ |
| रौतहट | ७९.८० | ८.८८ |
| बारा | १२५.७३ | १३.९८ |
| पर्सा | ११४.५० | १२.७३ |
| जम्मा | ८९९.१२ | १०० |

*स्रोत : नेपाल राष्ट्र बैंक*

## ५.७ सहकारी क्षेत्र

समीक्षा अवधिमा यस प्रदेशका सहकारीहरुमध्ये नमुना छनौटमा परेका १० वटा सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारीको अवस्था विश्लेषण गरिएको छ ।

१. २०८२ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारीहरुको कुल पूँजी १६.७६ प्रतिशतले कमी भई रु.२ अर्ब १९ करोड २ लाख पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ४२.५४ प्रतिशत रहेको थियो ।


२. २०८२ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारीहरुको कुल बचत २.८९ प्रतिशतले वृद्धि भई रु.६ अर्ब ७ करोड ६१ लाख पुगेको छ ।

३. २०८२ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाहरुबाट भएको ऋण प्रवाहमा ०.११ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ६ करोड ८ लाख रहेको छ । गत वर्षको सोही अवधिमा ऋण प्रवाहमा १०.७२ प्रतिशतले कमी आएको थियो ।

४. २०८२ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाका कुल सदस्य संख्या १.३६ प्रतिशतले घट्न गई ६१ हजार ६ सय ३२ रहेको छ ।

५. २०८२ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाका कर्मचारी संख्यामा ४.८५ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही वर्षमा कर्मचारी संख्यामा ९.९२ प्रतिशतले कमी आएको थियो ।

**चार्ट ५.२ : पूँजी, बचत र ऋण लगानीको अवस्था (रु.अर्बमा)**




*स्रोत: नमुना सर्वेक्षणमा परेका १० सहकारी संस्थाहरु*

## ५.८ सेवा क्षेत्रका चुनौती र सम्भावना

मधेश प्रदेश धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले समृद्ध प्रदेशको रूपमा परिचित रहेको छ । जनकपुरधाम, गढीमाई, जलेश्वर, छिन्नमस्ता तथा धनुषाधाम लगायतका धार्मिक तथा सांस्कृतिक स्थलहरूले पर्यटन, शिक्षा, स्वास्थ्य, बैंकिङ्ग, होटल तथा सूचना प्रविधिमा आधारित सेवा क्षेत्र विस्तारका लागि महत्वपूर्ण आधार प्रदान गरेका छन् । प्रदेशमा रहेका पोखरी, तालतलैया तथा सांस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापनमार्फत् धार्मिक तथा मनोरञ्जनात्मक पर्यटन विकास गर्न सकिने पर्याप्त सम्भावना रहेको छ । साथै, भारतसँगको खुला सीमा, बढी जनसंख्या, समथर भू-भाग तथा यातायातको पहुँचले शिक्षा, स्वास्थ्य, व्यापार तथा वित्तीय सेवा विस्तारका लागि अनुकूल वातावरण सिर्जना गरेको छ । तथापि, मधेश प्रदेशको सेवा क्षेत्रको विकासमा देहाय बमोजिमका चुनौती र सम्भावनाहरू रहेको देखिन्छ ।

### ५.८.१ चुनौतीहरू

१. मधेश प्रदेशमा रहेका दक्ष जनशक्तिहरु विदेश पलायन हुने प्रवृतिमा वृद्धि भएकाले सेवा क्षेत्र सञ्चालनका लागि आवश्यक प्राविधिक तथा अप्राविधिक क्षेत्रका योग्य तथा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।

२. शहरी क्षेत्रमा मात्रै सेवा सुविधाहरु सिमित रुपमा उपलब्ध रहेकोमा ग्रामीण भेगमा पनि आधारभूत सेवाहरु जस्तै: स्वास्थ्य चौकी, विद्यालय, बैंक तथा वित्तीय संस्थाका शाखाहरु तथा प्रशासनिक कार्यालयहरुको पहुँच पुऱ्याउनु ।

३. मधेश प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गराउनु ।

४. वित्तीय साक्षरता, पहुँच तथा वित्तीय समावेशिता अभिवृद्धि गरी वित्तीय अपराध र अनौपचारिक कारोवार न्यूनीकरण गर्नु ।

५. मधेश प्रदेशमा अवस्थित मिथिला कला, भाषा, साहित्य, लोकसंस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्नु ।

६. मानव निर्मित पोखरी तथा तालतलैया लगायत शहरको उचित सरसफाई तथा सजावट गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन प्रवर्द्धन गर्नु ।

७. अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु ।

८. पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरूको खोज तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि गर्नु तथा बसाई अवधि लम्ब्याउनु ।

९. स्थानीय बासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाईसम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।

१०. संघ, प्रदेश तथा स्थानीय तहबीच सेवा क्षेत्र विकाससम्बन्धी योजना, नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा आवश्यक समन्वय गर्नु ।

### ५.८.२ सम्भावनाहरू

१. प्राविधिक शिक्षा, सीप विकास, डिजिटल तालिम तथा उद्यमशीलता प्रवर्द्धनमार्फत् स्थानीय युवा जनशक्तिलाई स्वास्थ्य, शिक्षा, सूचना प्रविधि, पर्यटन तथा वित्तीय सेवामा परिचालन गर्न सकिने सम्भावना रहेको छ ।

२. मधेश प्रदेशमा उच्च जनघनत्व रहेकाले स्वास्थ्य, शिक्षा, बैंकिङ्ग, बीमा, होटल, सञ्चार, ई-कमर्स तथा डिजिटल सेवाजस्ता क्षेत्रहरुमा लगानीको लागि व्यापक सम्भावना रहेको छ ।

३. मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको छ ।

४. मिथिला कला, हस्तकला, सांस्कृतिक कार्यक्रम, धार्मिक सामग्री तथा स्थानीय परिकारलाई पर्यटनसँग जोडेर स्थानीय आयआर्जन तथा सांस्कृतिक उद्योग विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

५. मधेश प्रदेश ताजा माछाको लागि लोकप्रिय रहेको तथा हवाई र स्थलमार्गको सुगम पहुँच रहेकोले स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना रहेको छ ।

६. उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।

७. जनकपुर क्षेत्रमा रहेको मठ-मन्दिर, पोखरी तथा तालतलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार गर्न सकिने देखिन्छ ।

८. मधेश प्रदेशमा अधिकांश भू-भाग समथर भएकोले यहाँ निर्माण सेवा, उत्पादनमूलक कार्य र यातायात सञ्जाल विकास गर्न सहज हुने देखिन्छ ।

९. भारतसँग खुला सीमा तथा धार्मिक-सांस्कृतिक सम्बन्धका कारण भारतीय पर्यटक, तीर्थयात्री तथा सेवा उपभोक्तालाई आकर्षित गरी होटल, स्वास्थ्य, शिक्षा तथा व्यापारिक सेवाको विस्तार गर्न सकिने उच्च सम्भावना रहेको छ ।

१०. कृषि तथा माछापालनमा अग्रणी प्रदेश भएकाले कृषि पर्यटन, ग्रामीण पर्यटन, जैविक कृषि अनुभव केन्द्र तथा स्थानीय उत्पादनमा आधारित पर्यटन कार्यक्रम सञ्चालन गर्न सकिने पर्याप्त सम्भावना रहेको छ ।

११. डिजिटल प्रविधि, अनलाइन शिक्षा, टेलिमेडिसिन, डिजिटल बैंकिङ्ग तथा ई-गभर्नेन्स सेवाको विस्तारमार्फत सेवा क्षेत्रलाई आधुनिक, पहुँचयोग्य तथा प्रभावकारी बनाउन सकिने अवसर बढ्दै गएको छ ।

१२. संघीय तथा प्रदेश सरकारले पर्यटन, सूचना प्रविधि, स्वास्थ्य सेवा तथा उद्यमशीलता प्रवर्द्धनलाई प्राथमिकता दिइरहेको अवस्थामा सार्वजनिक-निजी साझेदारीमार्फत सेवा क्षेत्रको तीव्र विकास गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद-६ पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

मधेश प्रदेशमा रहेका निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूको सम्पन्न हुने तोकिएको समय सीमा बढदै गएको छ । प्रदेश भित्रका स्थानीय तहहरूले विकास निर्माणका बाँकी कार्यहरूमा तीव्रता ल्याउँदा सडक, खानेपानी, ढल निर्माण जस्ता स-साना आयोजनाहरू सम्पन्न हुने क्रममा छन् । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि, जयनगर-जनकपुर-कुर्था रेल्वेको बाँकी खण्ड विस्तार भई विजलपुरा हुँदै बर्दिवाससम्म पुऱ्याउने कार्य अघि बढिरहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकारले बजेट र कार्यक्रमहरू अघि बढाएकाले आगामी वर्षहरूमा पूर्वाधार क्षेत्रको प्रगतिमा उल्लेख्य सुधार हुने अनुमान छ ।

### ६.१.१ जयनगर-जनकपुर-भंगहा रेल्वे

नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-भंगहा रेल्वेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई भंगहासम्म सञ्चालनमा आएको छ । हाल भंगहा-जयनगर दैनिक एक पटक र जनकपुर-जयनगर दैनिक तीन पटक सञ्चालन हुने गरेको छ । भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माण अन्तर्गत रेल्वेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको इन्जिन र बग्गी खरिद समेतको कुल लागत रु.८ अर्ब रहेको जानकारी सो कम्पनीबाट प्राप्त भएको छ । कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ, जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ ।

हाल सम्पन्न पूर्वाधार अनुसार महोत्तरीको भंगहाबाट, कुर्था, जनकपुर, परवाहा, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमास्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ५२ कि.मी. रहेको छ । कुर्थादेखि बिजलपुरासम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को जुलाई १६ देखि सञ्चालनमा आएको छ । हाल भंगहादेखि जयनगर ५२ कि.मी. रेल्वे सञ्चालनमा रहेको छ । भंगहादेखि बर्दिवाससम्म १८ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको कार्य भइरहेको जानकारी प्राप्त भएको छ । आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म टिकट बिक्रीबाट आम्दानी रकम रु.४ करोड १४ लाख ९७ हजार भएको छ भने सञ्चालन खर्च रु.१२ करोड ६६ लाख १ हजार भएको छ । हाल कार्यरत १६५ जना कर्मचारीमध्ये १४२ जना नेपाली नागरिक तथा २३ जना विदेशी नागरिक रहेका छन् ।

### ६.१.२ काठमाडौं-तराई मधेश द्रुतमार्ग

काठमाडौं-तराई मधेस द्रुतमार्ग सडक आयोजना, नेपालको राजधानी काठमाडौंलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ मा नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको छ । नेपाली सेनालाई आयोजना हस्तान्तरण भएपश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढिरहेको छ । कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ मा स्वीकृत भईसकेको छ । चार लेनको यस आयोजना ललितपुरको खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म जम्मा लम्बाई ७०.९७७ किलोमिटर र आयोजनाको क्षेत्र ललितपुर (९ कि.मि.), काठमाडौं (४.६ कि.मि.), मकवानपुर (४९.७७ कि.मि.) र बारा (७.६ कि.मि.) रहेको छ ।

आ.व. २०७३/७४ बाट शुरु भएको यस आयोजना मिति २०८३/८४ सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत रु.१ खर्ब ११ अर्ब अनुमान रहेको यस आयोजनाको संशोधित लागत रु.२ खर्ब ११ अर्ब ९३ करोड रहेको छ । काठमाडौं-तराई मधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय जंगी अड्डा, काठमाडौंको पत्रानुसार हालसम्म समष्टिगत भौतिक प्रगति ४५.१६ प्रतिशत र वित्तीय प्रगति ४५.३३ प्रतिशत (मोविलाईजेशन सहित) रहेको छ । यस आयोजनाले प्रभाव पार्ने जिल्लाहरु काठमाडौं, ललितपुर, बारा, चितवन,

मकवानपुर, पर्सा, रौतहट, सर्लाही, धनुषा, सिरहा, सप्तरी र सुनसरी लगायत तराईका जिल्लाहरु रहेका छन् । हाल यस आयोजनामा २,३७७ जनाले रोजगारी पाएका छन् जसमध्ये २,१०२ जना स्वदेशी तथा २०९ जना विदेशी कामदारहरु रहेका छन् ।

### ६.१.३ हुलाकी राजमार्ग

यस आयोजनाले पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कन्चनपुरको दैजीसम्म तराई मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै १८५७ कि.मी. यातायातको पहुँच विस्तार गर्ने देखिन्छ । आर्थिक वर्ष २०६६/६७ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको प्रारम्भिक लागत रु ६५ खर्ब २४ अर्ब रहेकोमा संशोधित लागत रु.१ खर्ब १ अर्ब ६३ करोड पुगेको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट सार्वजनिक भएको आ.व. २०८१/८२ को वार्षिक समीक्षा अनुसार हालसम्मको समष्टिगत भौतिक प्रगति ७२.७५ प्रतिशत र वित्तीय प्रगति ६८.९६ प्रतिशत रहेको छ । हालसम्ममा कुल १ हजार ८ सय ५७ कि.मी. सडकमध्ये १ हजार ३ सय ५१ कि.मी.सडकमा कालोपत्रे र कुल ३०० पुल मध्ये १५१ वटा पुल निर्माण सम्पन्न भएको छ । १०० कि.मि. सडक कालोपत्रे तथा २० वटा पुल निर्माण सम्पन्न गर्ने लक्ष्य सहित आ.व. २०८२/८३ मा यस आयोजनाको लागि रु.३ अर्ब ४८ करोड ९० लाख बजेट विनियोजन भएको छ । हुलाकी सडकको सडक सीमामा जग्गा अधिग्रहणको समस्या रहेको तथा ठुलो पुलहरुमा निमार्ण कार्य ज्यादै सुस्त भएकोले ठेक्का व्यवस्थापनमा चुनौती देखिएको छ ।

### ६.१.४ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण आ.व. २०७१/७२ मा सुरु भई आ.व. २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यसलाई राष्ट्रिय गौरवको आयोजना मानिएको छ र ीबलम :बचप ध्यचमिधष्मभ ले तयार गरेको सम्भाव्यता अध्ययन अनुसार यसको अनुमानित लागत रु. ८ खर्ब रहेको छ । निर्माणका लागि विमानस्थल क्षेत्रमा तारबार लगाउने, निजी जग्गा अधिग्रहण, वातावरणीय मूल्याङ्कन, नदी नियन्त्रण तथा सुकुम्बासी बस्ती व्यवस्थापनजस्ता प्राथमिक तयारी कार्यहरू सम्पन्न भएका छन् । गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य पूरा भएको छ भने प्रथम चरणको निर्माणका लागि रुख र पोलको लगत नम्बरिङ्ग कार्य जारी छ । आयोजनास्थलको विस्तृत सम्भाव्यता अध्ययन र सीमाङ्कन कार्य पनि सम्पन्न भएको छ । यद्यपि, टाँगिया बस्ती व्यवस्थापन र मोडालिटी सम्बन्धी निर्णय स्थिर नभएको तथा सर्वोच्च अदालतको निर्णयपछि कार्यमा ढिलाइ भएकोले परियोजना प्रगति अपेक्षित गतिमा अघि बढ्न सकेको छैन ।

## ६.२. रोजगारी

प्रदेशको रोजगारीसम्बन्धी विवरणलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारी उप-शीर्षक विभाजन गरी अध्ययन गरिएको छ ।

### ६.२.१ वैदेशिक रोजगारी

मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरू विदेश गएका छन् । धनुषा जिल्ला मुलुककै सबैभन्दा बढी वैदेशिक रोजगारीका लागि श्रम निर्यात गर्ने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने अदक्ष कामदारको संख्या अधिक रहेको छ । आर्थिक वर्ष २०८२/८३ को पुस महिनासम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या गत वर्षको सोही अवधिको तुलनामा १.३२ प्रतिशतले कमी भई ८७ हजार ५ सय २० जना रहेको छ । यो संख्या बाह्य रोजगारीका लागि मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २२.३२ प्रतिशत हो । विभिन्न देशहरुबीच भइरहेको युद्धका कारण वैदेशिक रोजगारीमा जाने कामदारको संख्यामा कमी आएको छ । मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या धनुषा जिल्लामा सबैभन्दा बढी १९ हजार २ सय ६७ जना अर्थात् मधेश प्रदेशको २२.०१ प्रतिशत र पर्सा जिल्लामा सबैभन्दा कम ३ हजार ७ सय ७ जना अर्थात् मधेश प्रदेशको ४.२४ प्रतिशत रहेको छ । मधेश प्रदेशबाट वैदेशिक रोजगारीमा गएका कामदारहरूमध्ये सबैभन्दा बढी कामदार कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र मलेसियामा कार्यरत छन् ।

**तालिका ६.१ : श्रम स्वीकृति लिनेहरुको संख्या**

| जिल्ला | श्रम स्वीकृति संख्या | हिस्सा प्रतिशत | मुलुकभरको जम्मा |
|---|---|---|---|
| **सप्तरी** | ९,७४८ | ११.१४ | ३९२,०७४ |
| **सिराहा** | १५१११ | १७.२७ | |
| **धनुषा** | १९,२६७ | २२.०१ | |
| **महोत्तरी** | १४,०८२ | १६.०९ | |
| **सर्लाही** | ११,०९८ | १२.६८ | |
| **रौतहट** | ६,९०७ | ७.८९ | |
| **बारा** | ७,६०० | ८.६८ | |
| **पर्सा** | ३,७०७ | ४.२४ | |
| **जम्मा** | **८७,५२०** | **१००.००** | |

*स्रोत : वैदेशिक रोजगार विभाग, मासिक प्रतिवेदन साउन देखि पुस २०८२*

## ६.२.२ आन्तरिक रोजगारी

नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० अनुसार मुलुकको गरिबी २०.२७ प्रतिशत रहेकोमा मधेश प्रदेशको गरिबी २२.५३ प्रतिशत रहेको छ । यु.एन.डि.पि. रिपोर्ट (सन् २०२५) अनुसार मानव विकास सूचकाङ्क मापनमा समावेश भएका १९३ देशहरुमध्ये नेपाल ०.६२२ अङ्कका साथ १४५औं स्थानमा रहेको छ। आन्तरिक रोजगारी अन्तर्गत संघीय तथा प्रादेशिक सरकारले वार्षिक कार्यक्रम तथा आवधिक योजनामार्फत मधेश प्रदेशमा देहाय बमोजिमका रोजगारमूलक कार्यक्रमहरू सञ्चालित रहेका छन् :

१. स्वदेशी उद्योगको मागको आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न पाठ्यक्रम परिमार्जन गरी “अन द जव” तथा “एपरेन्टसिप” कार्यक्रम सञ्चालन गर्नुका साथै उक्त उद्योगका लागि आवश्यक पर्ने सीपयूक्त जनशक्ति आपूर्ति गर्न विश्वविधालय, प्राविधिक शिक्षालय र व्यावसायिक तालिम केन्द्रसँगको समन्वयमा प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गरिने व्यवस्था रहेको छ।

२. स्थानीय तहमा सञ्चालित सार्वजनिक विकास निर्माणका कार्यहरू श्रममूलक प्रविधिमार्फत सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भईरहेको छ।

३. सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत स्थानीयस्तरमै थप रोजगारी सिर्जना गर्ने अघिल्लो वर्षको लक्ष्यलाई थप प्रभावकारी बनाउदै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न विशेष जोड दिएको छ।

४. चालु आ.व.को बजेट वक्तव्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीयस्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपणलगायत संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई रोजगार दिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ।

५. हात हातमा सवारी, घर घरमा रोजगारी भन्ने मूल नाराका साथ मुख्यमन्त्री स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ।

६. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई प्रदेशमा स्वरोजगारको अवसर प्रदान गर्नका लागि आर्थिक/वस्तुगत/प्राविधिक सहयोग सहितको स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । साथै वैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिसंग भएका ज्ञान, सीप र क्षमताको सदुपयोग गरी स्वदेशमै आय आर्जनको बाटो खुलाउन सीप विकास तालिम, प्रविधी सहयोग, अनुदानमा आधारित ऋण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था रहेको छ।

७. प्रदेश भित्रका बेरोजगार युवाहरुलाई रोजगार वा स्वरोजगारका अवसर प्रदान गर्नका लागि सि.एम रोजगार कार्यक्रम सञ्चालन गरिने व्यवस्था रहेको छ।

८. मधेशलाई बेरोजगार मुक्त प्रदेश बनाउन श्रम सम्वद्ध क्षेत्रहरुको राय सुझाव लिई प्रदेश सरकारलाई परामर्श उपलब्ध गराउन श्रम सल्लाहकार परिषदलाई सक्रिय बनाउने व्यवस्था रहेको छ।

९. मधेश प्रदेशका १३६ वटै स्थानीय तहसँग समन्वय गरी बाल श्रम मुक्त मधेश कार्यक्रम सञ्चालन गरी बालबालिकाहरुको श्रममा हुने शोषणलाई न्यूनिकरण गर्नका लागि जनचेतनामूलक कार्यक्रहरु सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

१०. प्रदेशमा कृषि बाहेक अन्य क्षेत्रमा (जस्तैः उद्योग, व्यापार, सेवा) विकास गरी स्थानीय रोजगारीको अवसर सिर्जना गर्ने विभिन्न व्यवस्था गरेको छ ।

## ६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

मधेश प्रदेशको समथर भू-भाग, भारतसँगको सीमावर्ती पहुँच, पूर्व-पश्चिम राजमार्ग, हुलाकी राजमार्ग, रेल सेवा तथा राष्ट्रिय गौरवका आयोजनाहरूको उपस्थितिले पूर्वाधार विकास र रोजगारी सिर्जनाका दृष्टिले प्रदेशलाई रणनीतिक महत्व प्रदान गरेको छ । काठमाडौं-तराई/मधेश द्रुतमार्ग, हुलाकी राजमार्ग, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, सुनकोशी-मरिन डाइभर्सन आयोजना, रेलवे विस्तार तथा ऊर्जा तथा सिँचाइ परियोजनाहरूले प्रदेशको आर्थिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने अवस्था रहेको छ ।

नेपाल सरकारद्वारा हालै प्रस्तुत नीति तथा कार्यक्रम तथा आगामी आवधिक योजनाहरूले उत्पादनमुखी अर्थतन्त्र, रोजगारी सिर्जना, पूर्वाधार आधुनिकीकरण, हरित विकास, डिजिटल पूर्वाधार, युवा उद्यमशीलता तथा निजी लगानी प्रवर्द्धनलाई प्राथमिकता दिएको सन्दर्भमा मधेश प्रदेशमा पूर्वाधार र रोजगारी क्षेत्रको सम्भावना थप विस्तार भएको देखिन्छ । तथापि, विश्वव्यापी आर्थिक अनिश्चितता, महँगी, जलवायु परिवर्तन, वैदेशिक रोजगारीतर्फ युवाहरुको बढ्दो आकर्षण, नीतिगत अस्थिरता तथा वित्तीय स्रोत व्यवस्थापनका चुनौतीहरूले यस क्षेत्रलाई प्रभावित पारिरहेका छन् ।

### ६.३.१ चुनौतीहरू

१. मधेश प्रदेशमा निर्माण शुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु ।

२. संघीय तथा प्रदेशस्तरीय विकास आयोजनाका लागि पर्याप्त बजेट, वैकल्पिक वित्तीय स्रोत तथा दीर्घकालीन लगानी व्यवस्थापन गर्नु ।

३. पूर्वाधार क्षेत्रको विकासमा निजी क्षेत्र, वैदेशिक लगानी तथा सार्वजनिक-निजी साझेदारी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गरी रोजगारी सिर्जना गर्नु ।

४. पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यवसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु ।

५. जयनगर-कुर्था-बिजलपुरा रेल सेवाको दीगो तथा प्रभावकारी सञ्चालनका लागि आवश्यक मर्मत केन्द्र, वर्कशप, इन्धन भण्डारण, रेल धुने स्थान, सिग्नल प्रणाली तथा दक्ष नेपाली प्राविधिक जनशक्तिको व्यवस्थापन गर्नु ।

६. सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र लगायत प्रदेशका औद्योगिक क्षेत्रहरू अपेक्षाअनुसार पूर्ण रूपमा सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु ।

७. तीव्र तथा अव्यवस्थित शहरीकरणका कारण औद्योगिक क्षेत्र, सार्वजनिक पूर्वाधार तथा खुला स्थान संरक्षणमा समस्यालाई समाधान गर्नु ।

८. पूर्व-पश्चिम राजमार्ग विस्तार, पुल निर्माण तथा सहायक सडक स्तरोन्नतिको कार्य समयमै सम्पन्न गर्नु ।

९. निर्माण सम्पन्न भएका सडक, पुल, बाँध, सिँचाइ तथा सार्वजनिक भवनहरूको नियमित मर्मत-सम्भार तथा दिगोपना व्यवस्थापन कायम गर्नु ।

१०. प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु ।

११. उद्योग, निर्माण, सेवा तथा कृषि क्षेत्रको आवश्यकताअनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्ने तथा बेरोजगारी तथा वैदेशिक पलायन लगायत समस्या समाधान गर्नु ।
१२. जलवायु परिवर्तन, बाढी, डुबान, अत्यधिक गर्मी तथा नदी कटानका कारण सडक, पुल, सिँचाइ तथा शहरी पूर्वाधारमा क्षति पुग्ने जोखिम व्यवस्थापन गर्ने ।
१३. डिजिटल पूर्वाधार, इन्टरनेट पहुँच, डेटा सुरक्षा तथा सूचना प्रविधिमा आधारित सार्वजनिक सेवाको ग्रामीण क्षेत्रमा विस्तार गर्नु ।

### ६.३.२ सम्भावनाहरु

१. मधेश प्रदेशको भौगोलिक बनावट समतल भू-भाग रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारको निर्माण तथा विकास हुन सक्ने सम्भावना रहेको देखिन्छ । साथै, कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
२. नेपाल सरकारको हालैको नीति तथा कार्यक्रममा उत्पादनमूलक अर्थतन्त्र, रोजगारी सिर्जना, पूर्वाधार आधुनिकीकरण, हरित विकास, डिजिटल नेपाल तथा निजी लगानी प्रवर्द्धनलाई प्राथमिकता दिइएको सन्दर्भमा मधेश प्रदेशमा ठूलो पूर्वाधार तथा औद्योगिक परियोजना विस्तारको सम्भावना बढेको छ ।
३. मधेश प्रदेशमा उपलब्ध भौगोलिक सुगमता तथा आर्थिक रुपले सक्रिय जनशक्तिको सदुपयोग गर्दै कृषि र उद्योगको विकासमार्फत पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
४. पर्यटन विकासका लागि अन्य भौतिक पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धनमार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको छ ।
५. समथल धरातलीय स्वरुप र भौगोलिक सुगमताको कारणले यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न र शिक्षा तथा स्वास्थ्य सेवा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।
६. सूचना प्रविधि, डिजिटल सेवा, स्टार्टअप, अनलाइन व्यवसाय तथा ई-गभर्नेन्सको विस्तारमार्फत नयाँ पुस्तालाई आधुनिक सेवा तथा उद्यमशीलतामा आकर्षित गरी रोजगारी सिर्जना गर्न सकिने अवसर बढ्दै गएको छ ।
७. सप्तकोशी नदी, बागमती तथा अन्य नदी प्रणालीको वैज्ञानिक उपयोगमार्फत सिँचाइ, ऊर्जा तथा बहुउद्देश्यीय पूर्वाधार परियोजना सञ्चालन गरी कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
८. जनकपुरधाम लगायतका शहरी क्षेत्रमा रहेका खुला सार्वजनिक जग्गा, गुठी तथा सरकारी स्वामित्वका क्षेत्रहरूको योजनाबद्ध उपयोग गरी खेलकुद, प्रदर्शनी, सम्मेलन तथा मनोरञ्जन पूर्वाधार विकास गर्न सकिने अवस्था रहेको छ ।
९. सीप विकास, व्यवसायिक तालिम, CTEVT सम्वद्ध शिक्षालय विस्तार गरी दक्ष जनशक्ति उत्पादन गरी स्थानीय उद्योग र सेवा क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
१०. जनकपुरधाम, सप्तरीको छिन्नमस्ता, रामजानकी मन्दिर आदि पर्यटकीय स्थलहरुमा पर्यटन सेवा, गाइड, होटल, यातायात, हस्तकला जस्ता व्यवसायमार्फत रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।
११. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई नेपालको उद्यमशील युवा कार्यक्रम जस्ता योजनाहरुमार्फत उद्यम सञ्चालनको प्रशिक्षण र अनुदान दिई युवाहरुको सीप र पुँजी उपयोग गरेर स्वरोजगार बन्न प्रोत्साहन गर्न सकिने सम्भावना रहेको छ ।
१२. प्रदेश सरकारले स्टार्टटप विकासका लागि नयाँ व्यवसायी सामाजिक उद्यम, अनलाइन सेवा जस्ता क्षेत्रहरुमा युवा पुस्तालाई आकर्षित गराउन सकिने सम्भावना रहेको छ ।
१३. भारतसँगको खुला सिमाना भएकोले सीमापार व्यापार, यातायात, सवारी साधन र पूर्वाधार विस्तार गर्ने सम्भावना रहेको छ ।
१४. प्रदेश सरकार र पालिकाहरूबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरूमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सिर्जना गर्ने कार्यक्रम समावेश गर्ने सम्भावना रहेको छ ।

१५. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, औद्योगिक ग्राम, डिजिटल नेपाल अभियान, हरित ऊर्जा तथा युवा स्वरोजगार कार्यक्रमसँग समन्वय गरी उत्पादनमूलक क्षेत्रहरूमा दीर्घकालीन रोजगारी सिर्जना गर्न सकिने पर्याप्त सम्भावना रहेको छ ।

# परिच्छेदः ७ प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति

१. आर्थिक वर्ष २०८२/८३ का लागि मधेश प्रदेश सरकारले कुल रु.४६ अर्ब ९८ करोड बजेट विनियोजन गरेकोमा पहिलो ६ महिनाको अवधिमा रु.३ अर्ब ६१ करोड खर्च भएको छ जुन कुल विनियोजनको ७.६८ प्रतिशत हो । आ.व. २०८१/८२ को पहिलो ६ महिनामा विनियोजन भएको बजेटको ५.६१ प्रतिशत खर्च भएको थियो ।

२. आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले चालु खर्चतर्फ विनियोजन गरेको रु.१६ अर्ब ७२ करोडमध्ये २०८२ पुस मसान्तसम्म रु.२ अर्ब ६० करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको १५.५५ प्रतिशत हो। गत वर्षको सोही अवधिमा यस्तो खर्च १३.०८ प्रतिशत रहेको थियो। त्यसैगरी, पूँजीगत खर्चतर्फ विनियोजन भएको रु.३० अर्ब २६ करोडमध्ये समीक्षा अवधिको अन्तसम्म रु.१ अर्ब १ करोड खर्च भएको छ जुन विनियोजन भएको पूँजीगत खर्चको ३.३४ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च १.३२ प्रतिशत रहेको थियो ।

३. आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक राजस्वबाट रु.९ अर्ब ५० करोड र संघीय राजस्व बाँडफाँटबाट रु.१२ अर्ब ३५ करोड, वित्तीय समानीकरण अनुदानबाट रु.७ अर्ब ७२ करोड तथा गत वर्षको नगद मौज्दातबाट रु.१० अर्ब ३८ करोड परिचालन हुने अनुमान रहेकोमा २०८२ पुस मसान्तसम्ममा आन्तरिक राजस्व र संघीय राजस्व बाँडफाँटबाट रु.७ अर्ब २४ करोड तथा वित्तीय समानीकरण अनुदानबाट रु.१ अर्ब ९३ करोड परिचालन भएको छ। २०८१ पुस मसान्तसम्म आन्तरिक राजस्व र संघीय राजस्व बाँडफाँट गरी जम्मा करबाट रु.६ अर्ब ९७ करोड, समानीकरणवापत् अनुदानबाट रु.३ अर्ब ८९ करोड परिचालन भएको थियो । साथै, गत आर्थिक वर्षको नगद मौज्दातबाट रु.७ अर्ब ८६ करोड राजस्व परिचालन हुने अनुमान गरेको थियो ।

४. आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेश सरकारले संघीय सरकारबाट सशर्त अनुदान रु.४ अर्ब २६ करोड, समपूरक अनुदान ३५ करोड र विशेष अनुदान ३९ करोड प्राप्त गर्ने अनुमान गरेको छ भने घाटा बजेट पूर्ति गर्न रु.२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। त्यस्तै, आ.व.२०८१/८२ मा समपूरक, विशेष र सशर्त गरी कुल रु.३ अर्ब ५५ करोड अनुदान प्राप्त गर्ने अनुमान थियो भने घाटा बजेट पूर्ति गर्न रु.२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको थियो ।

## ७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

१. आर्थिक वर्ष २०८२/८३ मा यस आर्थिक गतिविधि अध्ययन प्रतिवेदनको लागि छनौट गरिएका मधेश प्रदेशका ५ वटा स्थानीय तहहरु (जनकपुर उप-महानगरपालिका, वीरगञ्ज उप-महानगरपालिका, बर्दिबास नगरपालिका, लहान नगरपालिका र कल्याणपुर नगरपालिका) ले विनियोजित कुल बजेट रु.६ अर्ब २१ करोड रहेको छ भने पहिलो ६ महिनाको अवधिमा विनियोजनको ६१.०४ प्रतिशत अर्थात् रु.३ अर्ब ७९ करोड खर्च भएको छ ।

२. आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहहरुले चालु खर्च तर्फ विनियोजन गरेको रु.३ अर्ब ४९ करोडमध्ये रु.२ अर्ब ३४ करोड खर्च भएको छ जुन विनियोजित चालु खर्चको ६७.१४ प्रतिशत हो । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च ७४.०७ प्रतिशत रहेको थियो ।

३. आर्थिक वर्ष २०८२/८३ मा स्थानीय तहहरुले आन्तरिक स्रोत र राजस्व बाँडफाँट गरी जम्मा रु.१० करोड २१ लख, समानीकरण अनुदानबाट रु.४८ करोड ३४ लाख, समपूरक अनुदानबाट २ करोड ८७ लाख, विशेष अनुदानबाट ५९ लाख र सशर्त अनुदानबाट ३७ करोड २५ लाख परिचालन भएको छ ।

## ७.१ मधेश प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति (रु करोडमा)

| शिर्षक | उप-शिर्षक | आ.व.२०८१/८२ पुस मसान्त सम्म | | आ.व.२०८२/८३ पुस मसान्त सम्म | | प्रगाति (प्रतिशतमा) | | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक | बजेट | वास्तविक | आ.व. २०८१/८२ पुस मसान्त सम्म | आ.व. २०८२/८३ पुस मसान्त सम्म | |
| खर्च | कुल खर्च | ५५०.८५ | ३४६.१३ | ६२१.९४ | ३७९.६२ | **६२.८४** | **६१.०४** | **९.६७** |
| | चालु | ३१५.४९ | २३३.६६ | ३४९.५६ | २३४.७१ | ७४.०७ | ६७.१४ | ०.४५ |
| | पुँजीगत | २३५.३६ | ११२.४६ | २७२.३६ | १४४.९१ | ४७.७८ | ५३.२० | २८.८५ |
| | वित्तीय | - | - | ०.०१८ | - | | | |
| | अन्य | - | - | - | - | | | |
| राजस्व | आन्तरिक स्रोतबाट प्राप्त | १२०.१३ | २५.९१ | ३८.६४ | ९.५९ | २१.५७ | २४.८२ | -६२.९८ |
| | राजस्व बाँडफाँड प्राप्त | १९.७७ | १६.७१ | २.५५ | ०.६३ | ८४.५० | २४.५२ | -९६.२५ |
| | अन्य | - | - | - | - | | | |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | ६६.११ | ६२.२२ | ६४.७७ | ४८.३५ | ९४.११ | ७४.६५ | -२२.२९ |
| | समपूरक | ७.५० | ६.७१ | ५.४७ | २.८७ | ८९.४३ | ५२.४७ | -५७.२१ |
| | विशेष | ७.३५ | १.३२ | ७.४३ | ०.५९ | १७.९६ | ७.९९ | -५५.०० |
| | सशर्त | १३८.६४ | ११४.७७ | १७५.८२ | ३७.२५ | ८२.७९ | २१.१९ | -६७.५४ |
| ऋण | आन्तरिक | - | - | - | - | | | |
| | बाह्य | - | - | - | - | | | |
| मधेश प्रदेशस्थित जनकपुरधान उप-महानगरपालिका, वीरगञ्ज उप-महानगरपालिका, बर्दिबास नगरपालिका, लहान गरपालिका र कल्याणपुर नगरपालिकाको विनियोजित बजेट र उपलब्धीको आधारमा गरिएको विश्लेषण | | | | | | | | |

# परिच्छेदः ८ आर्थिक परिदृष्य

प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय, उद्योगी/व्यवसायी तथा अन्य सरोकारवाला निकायहरूबाट आर्थिक परिदृश्यसम्बन्धी प्रश्नावलीमार्फत प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृष्यको विश्लेषण गरिएको छ । यस विश्लेषणका आधारमा, यदि आकासे वर्षामाथिको निर्भरता घटाउँदै सिंचाई प्रणाली र आधुनिक कृषि अभ्यासलाई विस्तार गर्न सकियो भने मधेश प्रदेशमा कृषि तथा सेवा क्षेत्रको गतिविधि आगामी आर्थिक वर्षहरूमा क्रमशः वृद्धि हुने अपेक्षा गर्न सकिन्छ। साथै, उद्यमशिलता तालिम, स्टार्ट-अप पूँजी तथा स्वरोजगार कार्यक्रममार्फत् युवामा उद्यमशिल सोच विकास हुने र रोजगार सृजना हुने सम्भावना पनि देखिन्छ ।

युवावर्गद्वारा सञ्चालित आन्दोलनका कारण देखा परेको विषम परिस्थिती, लगानीको वातावरणमा कमी र आन्तरिक मागमा कमी आएका कारणले उद्योगक्षेत्रको गतिविधि आर्थिक वर्ष २०८२/८३ मा पनि सुस्त रहने देखिन्छ। यद्यपि, नयाँ पुस्ताका माग अनुसारको राजनीतिक निकास तथा संघिय र प्रदेश तहबीचको समन्वयमा देखिएका सुधारका संकेतहरु तथा सेवा क्षेत्रको क्रमिक विस्तारले मधेश प्रदेशको अर्थतन्त्रमा सुधारको सम्भावना रहेको देखिन्छ। नीति तथा कार्यक्रम मार्फत लगानीमैत्री वातावरण सुदृढ गर्न र कृषि, उद्योग तथा सेवा क्षेत्रबीचको सन्तुलित वृद्धि सुनिश्चित गर्न सकेमा अगामी समयमा गति पुनः बढ्ने अनुमान रहेको छ ।

## ८.१ कृषि क्षेत्र

कृषि आधुनिकरण कार्यक्रमलाई बहुवर्षिय आयोजनाको रुपमा निरन्तरता, अनुकुल मौसम, उन्नत बिउ बिजनको प्रयोग, सिँचाई प्रणालीको विस्तार, कृषि मलको सहज उपलब्धता, "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" नामक अभियान सञ्चालनका लागि प्रदेश सरकारद्वारा बजेट विनियोजन, "फिड द नेशन" अभियानलाई मूर्त रुप दिनका लागि दुई धानवाली प्रवर्द्धन कार्यक्रमको लागि प्रदेश सरकारद्वारा बजेट विनियोजन, मुल्य श्रृंखलामा आधारित व्यवसायिक फलफुल प्रवर्द्धन, किसानहरुको क्षमता विकास कार्यक्रम सञ्चालन, महिला कृषि स्वयम् सेविका परिचालन, कृषक पाठशाला सञ्चालन, कृषि यन्त्र उपकरण प्रवर्द्धन सहयोग कार्यक्रमका लागि बजेट विनियोजन लगायतका कारण आर्थिक वर्ष २०८२/८३ मा कृषि उत्पादन बढ्ने अनुमान गरिएको थियो । तर, मधेश प्रदेशको कृषि क्षेत्रमा पर्याप्त सिँचाई प्रणालीको विकास नभएको, बेमौसमी वर्षा हुने, समय समयमा खडेरी पर्ने तथा यस प्रदेशमा यो वर्ष बाढी आउने समस्याका कारणले चालु आर्थिक वर्षमा कृषि उत्पादन घट्ने अनुमान रहेको छ ।

## ८.२ औद्योगिक क्षेत्र

आर्थिक वर्ष २०८१/८२ मा निर्माण तथा उत्पादन क्षेत्रमा आएको शिथिलता, उद्योगहरुको उत्पादन क्षमताको न्यून उपयोग, वैदेशिक रोजगारीबाट स्वदेश फर्केका श्रमिकले ल्याएका सीप, अनुभव र विप्रेषण प्रवाहलाई उपयोग गर्ने वातावरणको कमि जस्ता कारणहरुले अल्पकालीन रुपमा उद्योग व्यवसाय र औद्योगिक उत्पादनमा अपेक्षाकृतरुपमा सुधार हुन सकेन । तर, वैदेशिक रोजगारीबाट स्वदेश फर्केका श्रमिकले ल्याएका सीप, अनुभव र विप्रेषण प्रवाहलाई उपयोग गर्ने वातावरण सृजना गर्न र "हात हातमा सवारी, घर घरमा रोजगारी" भन्ने मुल नाराका साथ 'स्वरोजगार कार्यक्रम' संचालन गर्न लगायत उद्योग, व्यवसायका लागि Loan-Card व्यवस्था गर्न प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गरेको छ। लघु, घरेलु, साना र मझौला उद्यममार्फत आन्तरिक स्वरोजगार प्रवर्धन तथा 'मधेश स्टार्ट-अप र नवप्रवर्तन केन्द्र' स्थापनासहित उद्योगमैत्री वातावरण सिर्जना गर्ने लक्ष्य राखेको छ । यसले युवा उद्यमशीलता र व्यवसाय प्रवर्धनमा योगदान पुर्‍याउने अपेक्षा राखिएको छ। यद्यपि, यी सबै कार्यक्रमहरूको वास्तविक बजेट विनियोजन, कार्यान्वयन चरण र प्रभाव-मापन अवस्था स्पष्ट रूपमा देखिएका छैनन् । चालु आर्थिक वर्षको जेन-जी आन्दोलनबाट उत्पन्न विषम परिस्थिती र राजनीतिक अस्थिरताका कारण औद्योगिक क्षेत्रमा व्यापक नकारात्मक प्रभाव परेकोले चालु आर्थिक वर्षमा समग्र औद्योगिक क्षेत्र विस्तारमा कमी आउने अनुमान रहेको छ ।

## ८.३ सेवा क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को साउन देखि पुस महिनाको अवधिमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जामा भएको कमी, होटल तथा रेष्टुरेन्टहरूको व्यवसाय विस्तार तथा रोजगारीमा कमी, बाह्य तथा आन्तरिक पर्यटकीय गतिविधिमा क्रमिक रुपमा बढेता पनि सेवा क्षेत्रमा अपेक्षाकृतरुपमा सुधार हुन सकेन । तर, होटल तथा रेष्टुरेन्टहरूको व्यवसाय विस्तार हुन थालेको, आन्तरिक पर्यटकीय गतिविधि बढ्न थालेको, हवाई तथा स्थलमार्गका यात्रु संख्या बढेको, भारत तथा तेस्रो मुलुकबाट आउने पर्यटकहरूको संख्या बढ्न थालेको, "भिजिट मधेश" भन्ने मूल आशयका साथ भारत लगाएत अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने योजना रहेको, माता जानकीको विवाहस्थल जनकपुरलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय विवाह केन्द्रको रुपमा विकास गर्न, महोत्तरी जिल्लामा मधेश

संस्कृती ग्राम निर्माण गर्न, भारतबाट नेपाल भित्रिने पर्यटकहरुको लागि मुख्य प्रवेश बिन्दुहरुमा मधेश प्रदेशको पर्यटक गन्तव्यसंग सम्बन्धित सूचना सम्प्रेषण गर्न सूचना केन्द्रको स्थापना र पर्यटन विश्रामस्थलहरुको लागि आवश्यक रकम विनियोजन गरेको, पर्यटन क्षेत्रमा जनशक्ति विकासका लागि होटल व्यवस्थापन तालिम, टुर गाईड तालिम, होमस्टे तालिम सञ्चालन तथा होमस्टेका लागि प्रविधि हस्तान्तरण तथा साँस्कृतिक पर्यटनको लागि मिथिला साँस्कृतिक कार्यक्रम एवम् सामग्री प्रदान गर्न आर्थिक वर्ष २०८१/८२ मा बजेट विनियोजन गरेको, थोक तथा खुद्रा व्यापारले गति लिएको, स्वास्थ्य संस्था तथा विद्यालयहरू पूर्णरुपमा सञ्चालनमा आएको, प्रदेशमा रहेका ताल तलैयाले स्वदेशी तथा भारतीय पर्यटकहरू आकर्षित गरेको, जयनगर-जनकपुर-कुर्था रेल्वे सञ्चालनमा रहेको लगायतका कारणले चालु आर्थिक वर्षमा मधेश प्रदेशमा यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य तथा वित्तीय सेवा लगायत समग्र सेवा क्षेत्र विस्तार हुने अनुमान रहेको छ।

## ८.४ पूर्वाधार क्षेत्र

पूँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको र राजस्व संकलनमा कमी आएको भएता पनि भौतिक पूर्वाधार क्षेत्रअन्तर्गत जयनगर भंगहा रेलवे सञ्चालनमा आई वर्दिवाससम्मको बाँकी खण्ड निर्माण हुने क्रममा रहेको, पूर्व-पश्चिम लोकमार्गअन्तर्गत सिराहा, सप्तरी र धनुषा खण्डको विस्तार कार्य तीव्र गतिमा अगाडि बढिरहेको, हुलाकी राजमार्ग पनि तीव्र रुपमा विस्तार भइरहेको, मध्यपहाडी लोकमार्ग पनि तिव्र रुपमा विस्तार भइरहेको, मिथिला संस्कृतिको मौलिकता अनुभूत हुनेगरी आवश्यक पूर्वाधार निर्माण गर्न लगायत ढल्केवरदेखि जटहीसम्म तथा जिरोमाइलबाट भिट्ठामोड जाने बाटोको ठाँउ ठाँउमा दुवै पट्टी वाल संरचना तथा मिथिला आर्टवर्क कार्यको लागि बजेट विनियोजन गरिएको कारणले चालु आर्थिक वर्षमा पूर्वाधार क्षेत्र थप विस्तार हुने अनुमान रहेको छ।